

# संसदीय मामिला रिपोर्टिङ

## हाते किताब

संसदीय मामिला रिपोर्टिङ

नेपाल प्रेस इन्स्टिच्युट

# संसदीय मामिला रिपोर्टिङ

हाते किताब


लेखन

माइक म्याकआइभर

जोन किटिङ

अनुवाद

शरच्चन्द्र वस्ती

सम्पादन

चिरञ्जीवी खनाल



प्रकाशन सहयोगी

क्यानाडियन अन्तर्राष्ट्रिय विकास नियोग, क्यानाडा

Canadian International Development Agency (CIDA)

Canadian International Development Agency

प्रकाशक

नेपाल प्रेस इन्स्टिच्यूट

पोष्ट बक्स नं. ४१२८, काठमाडौं, फोनः २६४१५५, २६६४१८ फ्याक्सः २६४१५४

E-mail. npiktm@wlink.com.np



संसदीय मामिला रिपोर्टिङ

हाते किताब



पहिलो संस्करण

वि.सं. २०६६ (सन् २००९)

छापिएको प्रति

१०००

साजसज्जा र आवरण

समिर घिमिरे

आवरण तस्वीरः संविधानसभा, नेपाल

– मिनरत्न बज्राचार्य

मुद्रक

सुप्रवाह प्रकाशन प्रा. लि.

कुलेश्वर, काठमाडौं

फोन नं. २८६३९८, २८०६१४



यसमा प्रकाशित सामग्री शैक्षिक र गैर नाफामुखी प्रयोजनका लागि स्रोत उल्लेख गरेर प्रकाशन/वितरण गर्न सकिने छ।

# स्वागतम्

राजनीतिक पत्रकारिता यतिसारो रोमाञ्चक र यतिविधि महत्वपूर्ण विरलै हुन्छ जति अहिले नेपालमा छ। मुलुक नयाँ संसद र गणतान्त्रिक नयाँ नेपालतर्फ डोऱ्याउने नयाँ संविधान निर्माणको अनिश्चित युगमा प्रवेश गरिसकेको छ। यो नयाँ राजनीतिक प्रणाली व्यावसायिक, जिम्मेदार एवं गतिशील पत्रकारिता विना सफल होला भनेर धेरै आशा गर्न सकिँदैन ।

लोकतान्त्रिक प्रणालीमा पत्रकारहरूको भूमिका महत्वपूर्ण हुन्छ। उनीहरू सरकारले के गरिरहेको छ भन्ने स्पष्ट पार्छन् जसबाट नागरिकहरू त्यस प्रक्रियामा सहभागी बन्न सकून्। तिनले सर्वसाधारणका धारणाहरूलाई राजनीतिक बहसको विषय बनाइदिन्छन् । साथै उनीहरूले ठूलठूला भ्रष्टाचार र सत्ता दुरुपयोगका विरुद्ध खबरदारीको भूमिका पनि खेलिरहेका हुन्छन् ।

यो हाते किताब राजनीतिक र अन्य पत्रकारहरूलाई संसदीय प्रणाली बुझ्न र त्यसको बढी राम्रो रिपोर्टिङ गर्न सहयोग पुऱ्याउने उद्देश्यले तयार पारिएको हो । किताब सन् २००८ र २००९ मा नेपाल प्रेस इन्स्टिच्यूटको तत्वावधानमा मिडिया एण्ड डेमोक्रेसी ग्रुपले काठमाडौंमा सञ्चालन गरेको संसदीय मामिलासम्बन्धी पत्रकारिता तालिममा आधारित छ । यसमा स्पष्ट पारिएका विचार एवं अवधारणाहरूले समुन्नत नेपालको निर्माण गर्ने आफ्नो भूमिका पूरा गर्न नेपाली पत्रकारहरूलाई सघाउनेछन् भन्ने हाम्रो आशा छ ।

तालिम आयोजना र हाते किताबको निर्माण दुवैमा सहयोग र सल्लाहका निम्ति नेपाल प्रेस इन्स्टिच्यूटप्रति हामी आभारी छौं । हामी क्यानेडियन अन्तर्राष्ट्रिय विकास संस्था (CIDA) लाई पनि धन्यवाद दिन चाहन्छौं जसको उदार आर्थिक सहयोग विना तालिम सञ्चालन र हाते किताब प्रकाशन सम्भव थिएन ।

माइक म्याकआइभर र जोन किटिङ
मिडिया एण्ड डेमोक्रेसी ग्रुप
जेठ, २०६६

# सम्पादकका कुरा

नेपाल प्रेस इन्स्टिच्यूटले पत्रकारहरूको व्यावसायिक दक्षता निर्माणमा सहयोग पुग्ने सामग्रीहरूको प्रकाशनलाई निरन्तरता दिंदै आएको छ । इन्स्टिच्यूटले आफ्नो स्थापनाको पच्चीसौं वर्ष मनाइरहेको सन्दर्भमा यो पुस्तक पनि इन्स्टिच्यूटको पच्चीसौं प्रकाशन हो । नेपाली पत्रकारहरूलाई संसदीय मामिलासम्बन्धी समाचार लेखनका लागि वाञ्छनीय सीप निर्माण गर्न सघाउ पुऱ्याउने छ । सन् २००८ र २००९ मा नेपाल प्रेस इन्स्टिच्यूटद्वारा मिडिया एण्ड डेमोक्रेसी ग्रुप, क्यानाडाको सहयोगमा सञ्चालित संसदीय मामिला रिपोर्टिङसम्बन्धी विभिन्न तालिम कार्यक्रमको आधारमा यो पुस्तक प्रकाशन गरिएको हो । पुस्तक तयार गर्ने क्यानाडाका सञ्चारशास्त्रीहरू माइक म्याकआइभर र जोन किटिङलाई हार्दिक धन्यवाद । साथै पुस्तकलाई नेपाली भाषामा अनुवाद गरी नेपाली सन्दर्भका विषय समावेश गर्न विशेष सहयोग पुऱ्याउनु हुने पत्रकार शरच्चन्द्र वस्ती प्रति आभार व्यक्त गर्दछु । सान्दर्भिक विषयहरू समावेश गर्ने कार्यमा विशेषज्ञका रूपमा सघाउ पुऱ्याउने संविधानसभा सचिवालयका सहसचिव टेकप्रसाद ढुंगाना तथा पत्रकार राजकुमार रेग्मीलाई पनि धन्यवाद छ ।

प्रकाशनको विषयवस्तुका बारेमा सल्लाह तथा सुझाव दिएर सहयोग पुऱ्याउनु हुने संस्थाका अध्यक्ष गोकुलप्रसाद पोखरेल, महासचिव शोभा गौतम र पत्रकारिताका प्रशिक्षक हस्त गुरुङप्रति आभार व्यक्त गर्दछु। पुस्तकको साजसज्जा गर्नुहुने समिर घिमिरेलाई तथा पुस्तकको आवरण तस्वीरका लागि पनि फोटो पत्रकार मिनरत्न बज्राचार्यलाई पनि धन्यवाद छ ।

पुस्तक प्रकाशनका लागि सहयोग गर्ने मिडिया एण्ड डेमोक्रेसी ग्रुप (Media and Democracy Group) र क्यानेडियन अन्तर्राष्ट्रिय विकास संस्था (Canadian International Development Agency) क्यानाडालाई धन्यवाद छ ।

चिरञ्जीवी खनाल

# विषय-सूची


अध्याय-१: संविधान १

- संविधान के हो ? १
- संविधान किन महत्वपूर्ण हुन्छ ? १
- संविधानमा के हुन्छ ? २
- वैयक्तिक अधिकार तथा स्वतन्त्रताको प्रत्याभूति ५
  - मानव अधिकारको विश्वव्यापी घोषणा ५
  - संविधान अथवा कानुनमा प्रायः समावश गरिने घोषणाका अंशहरू ६
  - पत्रकारका निम्ति विशेष महत्वका धाराहरू ७
- संघीयता ८
  - संघ के हो ? ८
  - संघीय राज्यहरू ८
  - कस्ता कस्ता संघीयता ? ९
  - केन्द्रीय सरकारका निम्ति सुरक्षित अधिकारहरू १०
  - संविधानले मात्र पुग्दैन ११

अध्याय-२: संसद १३

- संसद के हो ? १३
- सरकार कसरी बन्छ ? १३
  - नेपालमा मिश्रित निर्वाचन प्रणाली किन अपनाइयो ? १४
  - पहिलो हुनेले निर्वाचन जित्ने १४
  - समानुपातिक प्रतिनिधित्व १५
- कानुन कसरी पारित हुन्छ ? १७
- सुशासन २०
  - पारदर्शिता २०
  - जवाफदेही २०
  - भ्रष्टाचारहीनता २१
  - वित्तीय जिम्मेदारी २१
  - नैतिक आचरण २१
  - प्रयासहरू २२

अध्याय-३: संसदीय मामिला पत्रकारिता २५

- संसदीय पत्रकारको भूमिका २५
- संसदीय पत्रकारिताका आवश्यक तत्वहरू २६
- लेखन-कला २६
- अन्तर्वार्ता–कला २८
  - अन्तर्वार्तालाई आफ्नो नियन्त्रणमा कसरी राख्ने ? २९
  - अफ द रेकर्ड २९
  - ध्यान दिनुपर्ने थप कुरा २९
- राम्रो तयारी कसरी गर्ने ? ३०

- समाचार-टिप्पणी ३२
  - मिसन पत्रकारिता ३२
  - पूर्वाग्रहहरू ३३
  - शब्द प्रयोग ३३
  - अन्तर्राष्ट्रिय प्रचलन ३४
- सूचनाको प्रयोग र आफैं प्रयोग हुनु ३४
  - अपुष्ट सूचना ३५
- सूचनाको हकसम्बन्धी ऐन ३५
  - ऐनका कमजोरीहरू ३६

अध्याय-४: संसदीय मामिला रिपोर्टिङ ३७

- सबै पत्रकारले बुझ्नुपर्ने कुरा ३७
- संसदीय संवाददाताले बुझ्नुपर्ने कुरा ३८
- राजनीतिक समाचार-सामग्री के हो ? ३९
- कस्ता कुराको समाचार बनाउने ? ४०
- पत्रकार सम्मेलन र प्रेस विज्ञप्ति ४१
- लबिइंग ४२
  - अन्तर्राष्ट्रिय प्रचलन ४३
- बीट रिपोर्टिङ ४३
  - बीट रिपोर्टिङका फाइदा ४३
  - बीट कसरी छान्ने ? ४४
  - ध्यान दिनुपर्ने थप कुरा ४५
- प्रोएक्टिभ रिपोर्टिङ ४५
  - प्रोएक्टिभ समाचार सामग्रीका केही प्रकार ४७
  - ध्यान दिनुपर्ने थप कुरा ४९

अध्याय-५: नैतिक मानदण्ड ५१

- सामान्य नैतिक मानदण्डहरू ५१
- राजनीतिज्ञसँगको सम्बन्ध ५३
- कर्मचारीसँगको सम्बन्ध ५५
- विश्वसनीयतामा ग्रहण ५७

अध्याय-१

# संविधान

## संविधान के हो ?

मुलुकको शासन कसरी चल्छ र सरकारहरू कसरी निर्वाचित हुन्छन् भनेर परिभाषित गर्ने आधारभूत नियम तथा सिद्धान्तहरूको समूह नै संविधान हो ।

संविधानले मुलुकका नागरिकहरूको अधिकार सुनिश्चित गर्छ ।

## संविधान किन महत्वपूर्ण हुन्छ ?

किनभने, यसले:

- स्वेच्छाचारी शासनको सट्टा विधिको शासनमा चल्ने राज्य व्यवस्थाको आधार स्थापित गर्छ ।
- देशको शासनप्रणाली (जस्तै संघीय) संस्थापित गर्छ र त्यसले कसरी काम गर्नुपर्छ भनेर परिभाषित गर्छ । साथै, सरकारका विभिन्न तहबीच शक्ति तथा जिम्मेदारीहरूको बाँडफाँड सुनिश्चित गर्छ ।
- न्याय प्रणालीको ढाँचा निर्धारित गर्नुका साथै नागरिकका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्छ ।
- अल्पसंख्यकहरूको अधिकार तथा भाषिक अधिकार प्रत्याभूति गर्ने प्रावधान राख्न सक्छ ।

सरकारले संविधान र त्यसको आधारभूत सिद्धान्त प्रतिकूल हुने कुनै पनि कानुन वा आदेश जारी गऱ्यो अथवा निर्णय लियो भने तिनको कानुनी वैधता हुँदैन । जस्तै:



- नेपालको अन्तरिम संविधान २०६३ को धारा १४१(२) मा 'एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र' निर्वाचनमा भाग लिन पाउने गरी बनाएको कानुन संविधान प्रतिकूल र स्वतः अमान्य हुने व्यवस्था छ । तर संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ को दफा १९ (छ) मा '२०६२ तथा ०६३ सालको जनआन्दोलनको विरुद्धमा रहेका व्यक्तिलाई उम्मेदवार हुन अयोग्य ठहर गरेको थियो । त्यसैले ऐनको उक्त व्यवस्थालाई संविधान प्रतिकूल ठहर गरी सर्वोच्च अदालतले अमान्य घोषित गरिदियो ।
- अन्तरिम संविधानले राजनीतिक सहमतिका आधारमा सरकार गठन हुने उल्लेख गरेको छ । यस्तो अवस्थामा कुनै पार्टीको औपचारिक निर्णय एवं सहमति विना त्यस पार्टीका विधायक वा विधायकहरू सरकारमा सामेल भए वा गराइए भने त्यसको वैधतालाई अदालतमा चुनौती दिन सकिन्छ ।

## संविधानमा के हुन्छ ?

सामान्यतः संविधानमा निम्न लिखितमध्ये अधिकांश कुरा समावेश गरिएका हुन्छन् । यसले:

- जनताले रोजेको राजनीतिक दर्शन तथा प्रणालीलाई आकार र विषयवस्तु दिन्छ ।
- सरकार, कानुन र राज्यका निकायहरूलाई वैधता प्रदान गर्छ ।
- मुलुकमा शासनको ढाँचा परिभाषित गर्छ । जस्तै- संघीयता ।
- शासकीय नियकाहरूको ढाँचा निर्धारित गर्छ । जस्तै- राष्ट्रपति, संसद, मन्त्रिपरिषद ।
- प्रत्येक शासकीय निकायको शक्ति र जिम्मेदारीका क्षेत्रहरू सुनिश्चित गर्छ ।
- सरकार गठनको प्रक्रिया र शर्तहरू परिभाषित गर्छ ।
- संघीय व्यवस्थामा, विभिन्न तहका सरकारहरूबीच राजस्व बाँडफाँड गर्ने संयन्त्र संस्थापित गर्छ ।

● संघीय व्यवस्था, सार्वजनिक सेवा र प्राकृतिक स्रोत साधनहरूमाथि विभिन्न तहका सकारहरूबीच नियन्त्रण र जिम्मेदारीका क्षेत्रहरू निर्धारित गर्छ ।

● दूरगामी राष्ट्रिय महत्वका एवं अतिसंवेदनशील विषयहरूबारे विवाद पर्दा वा निर्णय लिनुपर्दा जनमतसंग्रहको व्यवस्था गर्नसक्छ ।

● राष्ट्रपतीय प्रणालीमा, कुनै व्यक्ति लगातार कति पटकसम्म राष्ट्रपति हुनसक्छ भन्ने निर्धारित गर्नसक्छ ।

● सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्ति र बर्खास्तगीको पद्धति परिभाषित गर्छ । साथै, सर्वोच्च अदालत वा समग्र अदालती पद्धतिको ढाँचा निर्धारित गर्छ ।

● सार्वजनिक निकायहरू सञ्चालन गर्ने वा चुनावमा भोट दिने अधिकार कसलाई हुन्छ भन्ने परिभाषित गर्छ ।

● आम चुनाव कति अवधिमा हुनुपर्छ भन्ने व्यवस्था गर्नसक्छ ।

● एक वर्षभित्र संसदको अधिवेशन बस्नुपर्ने न्यूनतम संख्या सुनिश्चित गर्छ ।

● संसदको सदस्य-संख्या कति हुनुपर्छ भन्ने निर्धारित गर्छ । (कतिपय अवस्थामा जनसंख्याको आधारमा त कतिपय अवस्थामा प्रत्येक क्षेत्रलाई निश्चित सीटको प्रत्याभूति गर्ने गरी)

● कहिलेकाहीँ, महिला र अल्पसंख्यकका लागि संसदमा निश्चित सदस्य संख्या सुनिश्चित गर्छ ।

● त्यस्तो सदस्य संख्या बढ्ने वा घट्ने प्रक्रिया परिभाषित गर्छ ।

● संसद सदस्यलाई हटाउने पद्धति संस्थापित गर्छ ।

● कति सांसद उपस्थित भएपछि संसदको गणपूरक संख्या पुग्छ भन्ने सुनिश्चित गर्छ ।

● कानुन पारित हुन चाहिने सांसदहरूको न्यूनतम मतसंख्या (प्राय: ५० प्रतिशत र एक) निर्धारित गर्छ ।



● कानुन घोषणा गर्ने प्रक्रिया परिभाषित गर्छ ।

● संविधान संशोधन गर्न चाहिने न्यूनतम मतसंख्या (प्राय: दुई-तिहाई) निर्धारित गर्छ ।

● सम्पूर्ण नागरिकका निम्ति अधिकारहरूको प्रत्याभूति गर्नसक्छ ।

● अल्पसंख्यकहरूका लागि विशेष अधिकारको व्यवस्था गर्नसक्छ । जस्तै: भाषिक र साँस्कृतिक अधिकार ।

यसबाहेक, थुप्रै लोकतान्त्रिक मुलुकहरूले आफ्नो संविधानमा मानव अधिकार प्रत्याभूति गर्ने प्रावधान समावेश गर्ने गरेका छन् । धेरै मुलुकहरूले यस्ता प्रावधान पनि राखेका हुन्छन् जसले तिनका लागि विशेष महत्व राख्ने आधारभूत सिद्धान्त अनुरूप काम गर्दछन् । उदाहरणका लागि, कतिपय मुलुकले एउटै संघभित्र रहेका केही प्रदेशलाई बढी अधिकार दिएका हुन्छन् भने अरुलाई त्यस्तो अधिकार दिएका हुँदैनन् ।



फोटो: समिर घिमिरे/एनपीआइ

संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९) मा प्रशिक्षक माइक म्याकआइभर

## वैयक्तिक अधिकार तथा स्वतन्त्रताको प्रत्याभूति

मानव अधिकारको विश्वव्यापी घोषणा

● मानव अधिकारको विश्वव्यापी घोषणा संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा १० डिसेम्बर १९४८ मा पारित तथा जारी गरिएको थियो ।

● घोषणाले, इतिहासमा पहिलोपल्ट, विश्वका प्रत्येक मानिसको आधारभूत अधिकार हुन्छ र त्यसको सम्मान गर्नुपर्छ भनेर उद्घोषित गऱ्यो । यसको प्रस्तावनाको पहिलो वाक्यमै स्पष्ट पारिएको छ– 'मानव परिवारका सबै सदस्यहरूको अन्तर्निहित प्रतिष्ठा तथा समान र अविच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार हो ।'

● मानव अधिकारको विश्वव्यापी घोषणालाई नेपालीमा 'http://www.unhchr.ch./unhr/lang/nep.htm.' मा हेर्न सकिन्छ ।

● थुप्रै मुलुकहरूले आफ्नो संविधान वा कानुनमा यस घोषणाका दफाहरूको अधिकांश वा पूरै अंश तथा उद्देश्य समावेश गरेका छन् । मानव अधिकारको प्रत्याभूति संविधानमै गरिनु सबैभन्दा राम्रो हुन्छ किनभने संवैधानिक प्रावधान परिवर्तन गर्नु सामान्य कानुन फेरबदल गरे जस्तो सजिलो हुँदैन ।

● कतिपय मुलुकहरूले संविधानमा आफ्ना निम्ति विशेष महत्व राख्ने अधिकारहरू सुनिश्चित गरेका हुन्छन् । जस्तै- सरकारी कामकाज अथवा कानुनी प्रक्रियामा अल्पसंख्यकहरूको भाषा प्रयोग गर्न पाइने अधिकार ।

● नेपालको अन्तरिम संविधान २०६३ ले मौलिक हक अन्तर्गत विचार तथा अभिव्यक्तिको स्वतन्त्रतासँगै प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हकको पनि प्रत्याभूति गरेको छ । यस अन्तर्गत छापा र विद्युतीय सहित कुनै पनि माध्यमबाट प्रकाशन-प्रसारण गरिने सामग्रीमा पूर्व प्रतिबन्ध (सेन्सरशीप) नलगाइने र कुनै पनि सामग्री प्रकाशन-प्रसारण गरेबापत कुनै पनि रेडियो, टेलिभिजन, छापाखाना, समाचारपत्र, पत्रिका लगायतको सञ्चार माध्यम वा संस्थालाई बन्द, जफत वा दर्ता खारेज नगरिने ग्यारेन्टी प्रदान गरिएको छ ।



तीन दशक लामो पञ्चायतकालमा प्रेसमाथि राज्यबाट बारम्बार हमला हुँदै आएको र लोकतन्त्रको लडाइँमा प्रेसको भूमिका अग्रणी रहँदै आएकाले अघिल्लो संविधान (२०४७) मा समेत मौलिक हक अन्तर्गत यो व्यवस्था गरिएको थियो ।

● यसै सन्दर्भमा, नेपालको भावी संविधानले निम्नलिखित विषयहरूलाई समेत मौलिक हक अन्तर्गत समेट्न सक्छ:

– समानुपातिक, समावेशितापूर्ण सहभागिताको हक ।

– आदिवासी, जनजाति, अल्पसंख्यक र सीमान्तीकृत समुदायको सामूहिक हक ।

– सम्पदा संरक्षण र स्थानीय स्रोतमा स्थानीय बासिन्दाको अग्राधिकारको प्रत्याभूति ।

संविधान अथवा कानुनमा प्रायः समावेश गरिने घोषणाका अंशहरू

● जातजाति, वर्ण, लिङ्ग, भाषा, धर्म र राजनीतिका आधारमा विभेद नगरी प्रत्येकलाई समान अधिकार ।

● उत्पीडन, धम्की, त्रास र यातनाका विरुद्ध संरक्षण ।

● कानुनी प्रक्रियाद्वारा सबैलाई समान व्यवहार, स्वेच्छाचारी गिरफ्तारी अथवा कैदबाट मुक्ति तथा निष्पक्ष कारवाहीको अधिकार ।

● आस्था, धर्म, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार भेला हुने स्वतन्त्रता ।

● व्यक्तिगत गोपनीयता, पत्रव्यवहार र घरपरिवारमाथिको स्वेच्छाचारी हस्तक्षेपविरुद्ध संरक्षण ।

● सरकारमा सहभागी हुने तथा सार्वजनिक सेवाहरूमा समान पहूँचको अधिकार ।

● रोजगारी पाउने अधिकार, काम गर्ने अनुकूल वातावरण, समान कामका निम्ति समान पारिश्रमिक, समुचित कार्यघण्टा र तलबी विदा पाउने अधिकार, संगठन गर्न पाउने अधिकार ।

● परिवारको गाँस, वास, कपास, स्वास्थ्यसेवा, सुरक्षा लगायतका अवश्यकता पूर्ति हुन सक्ने जीवनस्तरको अधिकार ।

● कम्तीमा प्रारम्भिक तहसम्मको निःशुल्क शिक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार ।

पत्रकारका निम्ति विशेष महत्वपूर्ण धाराहरूः

मानव अधिकारको विश्वव्यापी घोषणाको धारा १९ पत्रकारहरूका निम्ति विशेष महत्वपूर्ण छ, जसमा भनिएको छः

'प्रत्येक व्यक्तिलाई विचार स्वतन्त्रता र अभिव्यक्तिको अधिकार छ । यस अधिकारमा विना कुनै हस्तक्षेप आफ्नो मत बनाउने र विना रोकटोक कुनै पनि सञ्चार माध्यमद्वारा सूचना प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार समावेश छ ।'

पत्रकारहरूले के विर्सन हुँदैन भने, उनीहरूले पाएको अधिकारसँगै जिम्मेदारी पनि गाँसिएको छ । घोषणाका निम्नलिखित दुई धाराले त्यसलाई स्पष्ट पारेका छन्:

धारा १२ः 'कुनै व्यक्तिको गोप्यता, परिवार, घर वा पत्रव्यवहारमा मनोमानी हस्तक्षेप गरिनेछैन । कसैको सम्मान तथा प्रतिष्ठामा हस्तक्षेत्र गरिनेछैन । साथै, त्यस्तो हस्तक्षेप वा प्रहारका विरुद्ध प्रत्येक व्यक्तिलाई कानुनी संरक्षणको अधिकार हुनेछ ।'

धारा २९ (२)ः 'आफ्नो अधिकार र स्वतन्त्रताको उपभोग गर्दा प्रत्येक व्यक्तिले अरुको अधिकार र स्वतन्त्रताको पनि सम्मान गर्नुपर्नेछ र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणका लागि चाहिने उचित आवश्यकताहरू हासिल गर्ने उद्देश्यले कानुनद्वारा निर्धारित सीमाभित्र रहनुपर्नेछ ।'



अर्को शब्दमा भन्दा, धारा १९ मा व्यवस्था गरिएको अभिव्यक्ति स्वतन्त्रताको अधिकारका केही सीमा छन् । तर, ती सीमाहरू कानुनद्वारा व्यवस्थित गरिनुपर्छ र लोकतान्त्रिक समाजका निम्ति न्यायसंगत हुनुपर्छ ।

## संघीयता

संघ के हो ?

एउटा केन्द्रीय (संघीय) सरकार अन्तर्गत संगठित राज्य, प्रदेश, प्रान्त वा क्षेत्रहरूको समूह नै संघ (राज्यसंघ) हो । यसमा, प्रत्येक तहका सरकारको अधिकार संविधानद्वारा परिभाषित हुन्छ जसलाई केन्द्रीय सरकारले एकतर्फी रूपमा फेरबदल गर्न सक्तैन । केन्द्रीय तथा संघीय वा प्रादेशिक तथा प्रान्तीय दुवैखाले सरकारले आफ्नो अधिकार संविधानबाटै प्राप्त गरेका हुन्छन् ।

संघीय राज्यहरू

सन् २००९ को मध्यसम्म विश्वमा २४ वटा संघीय मुलुक रहेका छन् जहाँ दुनियाँका करीब ४० प्रतिशत जनता बसोबास गर्छन् । ती मुलुक हुन्:

| | | | |
|---|---|---|---|
| १. अर्जेन्टिना | २. अस्ट्रेलिया | ३. अस्ट्रिया | ४. बेल्जियम |
| ५. बोस्निया हर्जगोभिना | ६. ब्राजिल | ७. क्यानाडा | ८. कोमोरोस |
| ९. इथियोपिया | १०. जर्मनी | ११. भारत | |
| १२. मलेसिया | १३. मेक्सिको | १४. मिक्रोनेसिया | |
| १५. नाइजेरिया | १६. पाकिस्तान | १७. रूस | |
| १८. सेन्टकिट्स एण्ड नेविस | १९. दक्षिण अफ्रिका | | |
| २०. स्पेन | २१. स्विट्जरल्याण्ड | | |

२२. युनाइटेड अरब इमिरेट्स २३. संयुक्त राज्य अमेरिका २४. भेनेजुएला

दुई मुलुक संघीयताको संक्रमणकालमा छन्: १. इरान, २. सुडान ।

यस्तै, दुई मुलुकले संघीयतामा जान स्वीकार गरेका छन्: १. नेपाल, २. श्रीलंका ।

कस्ता कस्ता संघीयता ?

विश्वमा विभिन्न प्रकारका संघीय व्यवस्था प्रचलित छन् । मूलभूत फरक चाहिँ केन्द्रीय तथा प्रान्तीय सरकारहरूबीचको सम्बन्ध र शक्तिको बाँडफाँडसँग सम्बन्धित छ ।

- केही संघीय मुलुकहरूमा प्रान्त र केन्द्रीय सरकारका निम्ति कतिपय अधिकारहरू संविधानले नै सुनिश्चित गरिदिएको छ । साथै, स्पष्टत: नतोकिएका अधिकारहरू कोसँग रहन्छन् भन्ने पनि संविधानले नै स्पष्ट पारेको छ । जस्तै: अमेरिकी संविधानले संविधानमा स्पष्टसँग नतोकिएका अधिकारहरू राज्यलाई सुम्पेको छ भने क्यानाडेली संविधानले त्यस्ता अधिकार केन्द्रीय सरकारलाई जिम्मा लगाएको छ ।

- कतिपय संघहरूमा केही प्रान्तले अन्य प्रान्तकोभन्दा बढी शक्ति र अधिकार पाएका छन् । जस्तै: भारतमा संविधानले २८ मध्ये १० वटा राज्य र सातवटा क्षेत्रका निम्ति विशेष व्यवस्था गरेको छ । मलेसियामा दुई प्रान्तले अन्य ११ प्रान्तभन्दा बढी स्वायत्तता पाएका छन् ।

- जर्मनीको व्यवस्था झन् बेग्लै छ । संघीय सरकारको माथिल्लो सदन (अपर हाउस) का सदस्यहरूको नियुक्ति १६ वटा प्रान्तीय सरकारका मन्त्रिपरिषदहरूले गर्दछन् र ती सदस्यले आआफ्नै प्रान्तको प्रतिनिधित्व गर्दछन् । माथिल्लो सदनले संघीय सरकारले ल्याएका त्यस्ता सम्पूर्ण विधेयकहरूको अनुमोदन गर्नुपर्दछ जसमा संघीय र प्रान्तीय सरकारहरूले अधिकारको साझेदारी गर्नुपर्छ ।

- अति थोरै मुलुकहरू परिसंघका रूपमा रहेका छन् । संघमा राज्यहरूको सदस्यता स्वैच्छिक छ र तिनले सदस्यता परित्याग पनि गर्नसक्छन् । जस्तै: स्विट्जरल्यान्ड ।

- विश्वमा 'डिफ्याक्टो संघ' हरू पनि क्रियाशील छन् जहाँ केन्द्रीय सरकारले प्रान्तहरूलाई केही अधिकार दिएको छ र प्राविधिक तवरमा त्यस्तो अधिकार फिर्ता लिन सक्छ, यद्यपि त्यसो गर्दा राजनीतिक संकट निम्तिन सक्छ । जस्तै: स्पेन ।



केन्द्रीय सरकारका निम्ति सुरक्षित अधिकारहरू

खासै सुनिश्चित नियम नभए पनि निम्नलिखित विषय-क्षेत्रसम्बन्धी अधिकारहरू प्राय: केन्द्रीय वा संघीय सरकारमा रहने गरेका छन्:

| | | |
|---|---|---|
| - परराष्ट्र सम्बन्ध | - मुद्रा | - प्रसारण नियमन |
| - राष्ट्रिय सुरक्षा | - सर्वोच्च अदालत | - फ्रिक्वेन्सीहरू |
| - अन्तर्राष्ट्रिय व्यापार | - हुलाक प्रणाली | - ब्यांकिङ नियमन |
| - युद्धको घोषणा | - अन्तर-प्रान्तीय व्यापार | - हवाई उडान नियमन |

केन्द्रीय वा संघीय सरकार जहाँ बलियो छ त्यहाँ ऊसँग यीभन्दा बढी अधिकार रहने गरेका छन् । केही मामिलामा भने, कतिपय विषयको क्षेत्राधिकार केन्द्रीय र प्रान्तीय दुवै सरकारहरूमा रहने गरी बाँडफाँड गरिएको हुन्छ ।

संघीयता र संघीय राज्यहरूसम्बन्धी केही वेबसाइट:

| | |
|---|---|
| Forum of Federations | http://www.forumfed.org/en/index.php |
| Federations Overview | http://en.wikipedia.org/wiki/Federation |
| India's Federal System | http://www.asianinfo.org/asianinfo/india/politics.htm |
| Government of India | http://en.wikipedia.org/wiki/Government_of_India |
| Constitution of India | www.indiacode.nic.in/coiweb/welcome.html |
| Federalism in Australia | http://en.wikipedia.org/wiki/Federalism_in_Australia |
| Federalism Australia | http://www.peo.gov.au/students /cl/multi.html |
| Australia Constitution | http://www.aph.gov.au/senate/general/constitution/constit.pdf |
| Federalism in Canada | http://en.wikipedia.org/wiki/Canadian_Federalism |
| Consitution of Canada | http://laws.justice.gc.ca/en/const/c1867_e.html |
| Federal Government of The USA | http://en.wikipedia.org/wiki/Fereral_government_of_ the_United_States |
| Ethiopia Constitution | http://www.ethiopiafirst.com/Election2008/Constitution.pdf |
| Constitution of Malaysia | http://confinder.richmond.edu/admin/docs/malaysia.pdf |
| Malaysia Federalism | http://www.desequilibrefiscal.gouv.qp.ca/en/pdf/gerard.pdf |
| German Federalism | http://countrystudies.us/germany/151.htm |
| Pakistan Government | http://www.pak.gov.pk/structure_government.aspx |
| Pakistan Constitution | http://www.pakistani.org/pakistan/constitution |
| South Africa Constitution | http://www.info.gov.za/documents/constitution/index.htm |
| Brazil Constitution | http://www.v-brazil.com/government/laws/constitution.html |
| Brazil Federalism | http://www2.ids.ac.uk/gdr/cfs/pdfs/cheibub.pdf |
| Belgium Federalism | http://www.desequilibrefiscal.gouv.qc.ca/en/pdf/gerard.pdf |

संविधानले मात्र पुग्दैन

लोकतान्त्रिक समाज र मानव अधिकारको सम्मानका निम्ति संविधानले आधार उपलब्ध गराउने भए पनि यो स्वयंमा तिनको प्रत्याभूति गर्न पर्याप्त हुँदैन । लोकतन्त्रको विकासका निम्ति विधिको शासन पनि सुदृढतासाथ स्थापित हुनुपर्छ । यसका लागि अन्य तत्वका साथै निम्नलिखित कुराहरू आवश्यक हुन्छन्:

- संविधानका धाराहरूलाई सशक्त बनाउने र बढी सुस्पष्ट एवं सही किसिमले व्याख्या गर्ने कानुनी पद्धति ।
- स्वतन्त्र न्यायपालिका ।
- राजनीतिक पार्टीहरूको प्रभावबाट मुक्त एवं गतिशील नागरिक समाजको विकास । (विभिन्न पेशागत समूह र सामाजिक-साँस्कृतिक उद्देश्यहरूको प्रतिनिधित्व गर्ने नागरिक संगठनहरू लोकतान्त्रिक व्यवस्थाका महत्वपूर्ण अङ्ग हुन् ।)
- स्वतन्त्र एवं सन्तुलित सञ्चार माध्यम ।
- सरकारका विभिन्न अङ्ग र निकायहरूबीच नियन्त्रण तथा सन्तुलनको उचित व्यवस्था ।




फोटोः समिर घिमिरे/एनपीआई

संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९) का प्रशिक्षार्थीहरू





फोटोः समिर घिमिरे/एनपीआई

संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९) मा प्रशिक्षक माइक म्याकआइभर

अध्याय-२

# संसद

## संसद के हो ?

संसदीय प्रजातन्त्रमा एक वा त्यसभन्दा बढी पार्टीका निर्वाचित सांसदहरूले सरकार गठन गर्दछन् । नीति निर्माण गर्नु र विधेयक प्रस्तावित गर्नु सरकारको जिम्मेदारी हुन्छ। निर्वाचित सांसदहरूका साथै सरकारका (मन्त्रिपरिषद्) सदस्यहरू मिलेर संसदको निर्माण हुन्छ ।

संसदमाथि थुप्रै कामको जिम्मेदारी हुन्छ । सबैभन्दा मुख्य काम हुन्:

- सरकारको प्रतिपक्षीको भूमिका खेल्नु ।
- सरकारको नीति, प्रस्तावित विधेयक र तत्कालीन मुद्दाहरूमाथि छलफल गर्नु ।
- नयाँ कानुनहरूको अनुमोदन गर्नु ।

## सरकार कसरी बन्छ ?

संविधानले मुलुकका निम्ति निर्वाचन प्रणाली सुनिश्चित गर्छ र यदाकदा कसरी सरकारको गठन तथा विघटन हुन्छ भन्ने पनि निर्धारित गर्छ । विश्वमा झण्डै १२ किसिमका निर्वाचन प्रणाली प्रचलित छन् । तर, (क) पहिलो हुनेले निर्वाचन जित्ने, (ख) समानुपातिक प्रतिनिधित्व र (ग) मिश्रित गरी तीन किसिमका प्रणाली सबैभन्दा बढी प्रचलनमा छन् ।

निर्वाचन प्रणालीहरूबारे विस्तृत जानकारीका लागि हेर्नुहोस् वेबसाइट- http://www.idea.int



## नेपालमा मिश्रित निर्वाचन प्रणाली किन अपनाइयो ?

नेपालमा पहिलो हुनेले निर्वाचन जित्ने (प्रत्यक्ष) निर्वाचन प्रणाली अपनाइँदै आएको थियो । तर त्यस अन्तर्गत करीब एक-तिहाई मात्र मत पाउने पार्टीले सरकार गठन गर्ने, स-साना पार्टीले संसदमा एउटा सीट पनि जित्न कठिन हुने र विभिन्न जाति, लिङ्ग, समुदाय, क्षेत्र आदिको उचित प्रतिनिधित्व नहुने परिस्थिति देखा परेकाले समानुपातिक प्रतिनिधित्वको समेत व्यवस्था गरी मिश्रित निर्वाचन प्रणाली अपनाइएको हो । साथै समानुपातिकतर्फ जाति, लिङ्ग, समुदाय, क्षेत्र आदिको समुचित अनुपात मिलाउनुपर्ने समेत व्यवस्था गरिएको छ ।

मिश्रित निर्वाचन प्रणाली अपनाइनुका कारणलाई बुँदागत रूपमा यसरी हेर्न सकिन्छ:

- सबै जाति, लिङ्ग, समुदाय, क्षेत्र आदिको उचित प्रतिनिधित्व सुनिश्चित गर्न प्रत्यक्ष निर्वाचन प्रणालीबाट सम्भव नभएकाले त्यसका निम्ति समानुपातिक निर्वाचन प्रणाली नै उत्तम विकल्प ठानियो ।
- समानुपातिक निर्वाचन प्रणाली मात्र अवलम्बन गर्दा निर्वाचन क्षेत्र, मतदाता र निर्वाचित प्रतिनिधिबीच प्रत्यक्ष एवं घनिष्ठ सम्बन्ध कायम नभई उनीहरूबीच दूरी बढ्न सक्ने देखिएकाले प्रत्यक्ष निर्वाचन प्रणाली पूर्णतः समाप्त गर्न पनि उपयुक्त देखिएन ।
- साथै प्रभावशाली दलहरूमध्ये केहीले आफूलाई प्रत्यक्ष निर्वाचन प्रणालीबाट फाइदा हुने देखेका थिए भने केहीले समानुपातिक प्रणालीबाट । उनीहरू बीचको मिलनविन्दु दुवै प्रणालीको मिश्रण मात्र हुन सक्थ्यो । यिनै कारणहरूले गर्दा नेपालले मिश्रित निर्वाचन प्रणाली अपनाएको हो ।

## पहिलो हुनेले निर्वाचन जित्ने:

यस प्रणाली अन्तर्गत एउटा संसदीय निर्वाचन क्षेत्रमा जुन पार्टीले सबैभन्दा बढी मत पाउँछ त्यही विजयी हुन्छ । यसप्रकार संसदमा सबैभन्दा बढी सीट जित्ने पार्टीले सरकार बनाउँछ। सरकार पूर्ण बहुमतको अथवा अल्पमतको हुन सक्छ। बहुमतको सरकारसँग सम्पूर्ण विपक्षी पार्टीहरूको संयुक्त सीटभन्दा बढी सीट हुन्छ । अल्पमतको सकारसँग संसदमा रहेका पार्टीहरूमध्ये सबैभन्दा बढी सीट भए पनि विपक्षी पार्टीहरूको संयुक्त सीटभन्दा उसको सीट कम हुन्छ ।

फाइदाहरू:

- यो प्रणाली सरल हुन्छ ।

- केही ठूला पार्टीमात्र विजयी हुन्छन् त्यसैले वार्ता एवं सम्झौता गर्न सजिलो हुन्छ ।

- सरकार बढी टिकाउ हुन्छ । जस्तैः दोस्रो विश्वयुद्ध यता इटालीमा ६० भन्दाबढी सरकार गठन भइसकेका छन् तर पहिलो हुनेले जित्ने निर्वाचन प्रणाली अपनाएको क्यानाडामा २० वटा मात्र सरकार बनेका छन् ।

- लोकप्रियताका आधारमा चुनाव जित्नुपर्ने हुँदा सांसदहरू मतदाताप्रति बढी संवेदनशील र जवाफदेही हुन्छन् ।

- स-साना अतिवादी पार्टीले सहजै चुनाव जित्न सक्दैनन् ।

बेफाइदाहरू:

- थुप्रै मुलुकमा अधिकांश जनताले विजयी (सरकार बनाउने) पार्टीको पक्षमाभन्दा विपक्षमा बढी मत दिएका हुन्छन् ।

- मुलुकको प्रगतिका निम्ति सघाउ पुऱ्याउन सक्ने भएपनि साना पार्टीलाई चुनाव जित्न सजिलो हुँदैन ।

- कानुन बनाउन थोरै मात्र सहमति आवश्यक हुन्छ त्यसैले बहुमतको सरकारले अतिवादी खालको परिवर्तन गर्ने पर्याप्त सम्भावना हुन्छ ।

- पार्टीहरूले परम्परागत रूपमा मत पाइआएका ठाउँहरूको मात्र बढी ख्याल गर्छन् र मत नपाएका क्षेत्रहरूको उपेक्षा गर्छन् ।

समानुपातिक प्रतिनिधित्वः

यस प्रणाली अन्तर्गत देशभिबाट जुन पार्टीले समग्रमा बढी मत पाउँछ उसले बढी सीट जित्छ । उदाहरणका लागि, कुनै पार्टीले समग्रमा ३० प्रतिशत



मत पायो भने उसले ३० प्रतिशत नै सीट पाउँछ । सबैभन्दा बढी सीट जित्ने पार्टीले प्रायः स-साना पार्टीहरूसँग मिलेर संयुक्त सरकार गठन गर्छ ।

फाइदाहरू:

- प्रत्येक मतको महत्व हुन्छ ।

- साना पार्टीहरूले पनि चुनाव जित्ने अवसर पाउँछन् ।

- पार्टीहरूमा सबै वर्ग र समूहका लागि काम गर्ने प्रवृत्ति बढ्छ ।

- सरकार अधिकाधिक सहमतिमा आधारित हुन्छ ।

- सरकार मुलुकको एउटा भागमा बलियो र अर्कामा कमजोर हुने सम्भावना कम हुन्छ ।

बेफाइदाहरू:

- यो बढ्तै जटिल र बुझ्न कठिन छ ।

- सरकारलाई अघि बढ्न बारम्बार गतिरोध आइलाग्छ ।

- स-साना पार्टीहरूले आफ्नो आकारभन्दा धेरै बढी शक्ति पाउँछन् ।

- अतिवादी पार्टीहरूलाई सरकारमा पुग्न सजिलो हुन्छ ।

निर्वाचन प्रणाली जुनसुकै भए पनि सरकारहरू सामान्यतः निश्चित कार्यावधिका निम्ति गठन हुन्छन्, साथै समय अगावै विघटित पनि हुन सक्छन् । सरकारले चाह्यो भने समय अगावै संसद विघटन गरेर नयाँ निर्वाचन गराउन सक्छ । अथवा, प्रतिपक्षले सरकारलाई अविश्वासको मतद्वारा पराजित गर्न सक्छ । अविश्वासको मत प्रायः बजेट जस्ता आर्थिक विषयहरूमा आधारित हुने गर्छ ।

## कानुन कसरी पारित हुन्छ ?

संसदीय र अरुखाले लोकतन्त्रमा पनि कानुन निर्माण हुने बाटो ब्रिटिश संसदमा सुदीर्घ अवधिमा विकसित भएको प्रक्रियामा आधारित छ। हरेक मुलुकका संसदमा यो प्रक्रिया हुबहु उस्तै छैन, तर मिल्दोजुल्दो छ। संसदको रिपोर्टिङ गर्ने (संसदीय) संवाददाताहरूले यो प्रक्रिया जान्न र बुझ्न आवश्यक छ, किनभने कानुन निर्माण गर्नु संसदको मूलभूत काम हो ।

ब्रिटिश संसदमा कानुन पारित हुने प्रक्रिया यस्तो छः

१. पहिलो रीडिङ **(First Reading)**

– हाउस अफ कमन्स (तल्लो सदन) का कर्मचारीले प्रस्तावित विधेयकको प्रस्तावनाको औपचारिक वाचन गर्छ। (कतिपय मुलुकका संसदमा सम्बन्धित मन्त्रीले शीर्षक पढ्छन् र विधेयकको उद्देश्यबारे संक्षेपमा प्रकाश पार्छन् ।)

– पहिलो रीडिङ छलफलविना अनुमोदित हुन्छ ।

२. दोस्रो रीडिङ **(Second Reading)**

– विधेयकको अध्ययन र त्यसबारे परामर्श गर्न विपक्षलाई समय पुग्ने गरी पहिलो रीडिङ भएको सामान्यतः १० दिन (कम्तीमा पनि तीन दिन) पछि दोस्रो रीडिङ गरिन्छ ।

– विधेयकमाथि आपत्ति उठाइएको खण्डमा बहस गर्ने यो मुख्य अवसर हो। बहस कैयौं दिन चल्न सक्छ ।

– संशोधन प्रस्तावहरू आउन सक्छन्। तिनमाथि छलफल हुन्छ र तिनलाई स्वीकार गर्ने-नगर्नेबारे मतदान गरिन्छ ।



– सरकारसँग सांसदहरूको पर्याप्त समर्थन छ भने उसले बहस नटुंगिंदै 'क्लोजर' प्रस्तावित गर्नसक्छ। क्लोजर पारित भएको खण्डमा बहस रोक्नुपर्छ र संसदले दोस्रो रीडिङमाथि मतदान गर्नुपर्छ । (अत्यावश्यक परिस्थितिमा बाहेक क्लोजरको उपयोग गर्नु उपयुक्त लोकतान्त्रिक अभ्यास होइन ।)

३. समितिको कामः

– सम्बन्धित समितिमा, प्रस्तावित विधेयकका प्रत्येक धारामाथि विस्तृत बहस तथा मतदान हुन्छ ।

– सबै राजनीतिक पार्टीका सांसदहरू समितिका सदस्य हुन्छन् ।

– समितिका सभापतिले छानेका संशोधनहरू विधेयकमा समावेश हुन सक्छन् । (कतिपय संसदहरूमा भने समितिले संशोधनको सिफारिश मात्र गर्न पाउँछन् ।)

– सम्बन्धित समितिलाई संसद बाहिरका विशेषज्ञसँग परामर्श गर्ने तथा आवश्यक कागजात एवं अभिलेखको अध्ययन गर्ने अधिकार हुन्छ । यसले निजी एवं सार्वजनिक तवरमा मौखिक साक्ष्यहरूको श्रवण समेत गर्नसक्छ ।

४. प्रतिवेदनको चरण (केही संसदहरूको यो चरण हुँदैन)

– यस चरणमा समितिले हाउस अफ कमन्स (कानुन पारित गर्ने मुख्य निकाय) समक्ष विधेयकमाथि भएको छलफलको निष्कर्ष सहित प्रतिवेदन प्रस्तुत गर्छ ।

– समितिमा नरहेका सदस्यहरूका निम्ति, संशोधन प्रस्ताव ल्याउने यो अतिरिक्त मौका हो ।

५. तेस्रो रीडिङ (**Third Reading**)

– विधेयकमाथि बहस गर्ने अन्तिम मौका ।

– अन्तिम मतदान गराइन्छ। विधेयक पारित भएको खण्डमा त्यसमाथि विचार गर्न हाउस अफ लर्ड्स (माथिल्लो सदन) मा पठाइन्छ । (अन्य मुलुकमा तल्लो सदनमा यसरी पारित भएको विधेयकलाई माथिल्लो सदन अथवा सिनेटमा पठाइन्छ ।)




फोटोः समिर घिमिरे/एनपीआई
संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९) मा प्रशिक्षक जोन किटिङ

६. अनुमोदन र स्वीकृति

– हाउस अफ लर्ड्सले विधेयकलाई जस्ताको तस्तै अनुमोदन गर्नुपर्छ । यदि विधेयकमा कुनै हेरफेर गरिएको छ भने हाउस



अफ कमन्समा फिर्ता पठाउनुपर्छ र ऊ त्यस्तो हेरफेरप्रति सहमत हुनुपर्छ ।

– दुवै सदन सहमत भएपछि विधेयकलाई स्वीकृतिका निम्ति राष्ट्रप्रमुखकहाँ पठाइन्छ । राष्ट्रप्रमुखले हस्ताक्षर गरेपछि त्यसले कानुनको रूप प्राप्त गर्दछ । (माथिल्लो सदन नभएका संसदहरूमा विधेयक अनुमोदित भएपछि स्वीकृतिका निम्ति सोझै राष्ट्रप्रमुखकहाँ पठाइन्छ ।)

## सुशासन

आफ्ना नागरिकप्रति लोकतान्त्रिक मुलुकको सरकारका केही जिम्मेदारी हुन्छन् । तीमध्ये केही हुन्:

– पारदर्शिता

– जवाफदेही

– भ्रष्टाचारहीनता

– वित्तीय जिम्मेदारी

– नैतिक आचरण

### पारदर्शिता

– जनतालाई, सरकारले के गर्दैछ र निर्णयहरू कसरी कार्यान्वयन गर्दैछ भनेर जान्न पाउने अधिकार छ ।

– संवाददाताहरूले सरकारका क्रियाकलापको रिपोर्टिङ गरेर तिनको पारदर्शिता सुनिश्चित गर्छन् ।

जवाफदेही

– सरकारले आफूले गरेका कामको जिम्मेदारी लिनु पर्दछ र असफल नीतिहरूको आलोचना स्वीकार गर्नुपर्छ ।

– यसमा संवाददाताहरूको भूमिका अत्यधिक महत्वपूर्ण हुन्छ । जवाफदेहीको अभावबारे तयार पारिएका समाचार-सामग्रीले सरकार गिराएका छन् ।

भ्रष्टाचारहीनता

– अधिकांश विकासशील मुलुकहरूको सबैभन्दा ठूलो समस्या नै भ्रष्टाचार हो ।

– भ्रष्टाचारलाई उदांगो नपारेसम्म यो समस्या समाधान हुँदैन । पत्रकारहरूले यसलाई उदांगो पार्न सक्छन् र प्रायः पार्ने गर्छन् ।

– 'ट्रान्स्परेन्सी इन्टरनेशनल' ले प्रतिवर्ष विश्वका १८० मुलुकहरूको 'भ्रष्टाचार अवधारणा मापन सूचकांक' (कहाँकति भ्रष्टाचार हुन्छ भन्ने इन्डेक्स) प्रकाशित गर्ने गर्छ । हेर्नुहोस् वेबसाइट www.transparency.org

वित्तीय जिम्मेदारी

– वित्तीय जिम्मेदारीको अर्थ हो - जनताले तिरेको कर जिम्मेदारीपूर्ण तवरमा उपयोग गर्नु ।

– करलाई उपयुक्त तवरले उपयोग गर्ने थुप्रै तरीका हुन सक्छन् । संवाददाताहरूले समाचार-सामग्रीमा सरकारका क्रियाकलापबारे विभिन्न पक्षका दृष्टिकोण प्रतिबिम्बित गर्नुपर्छ जसबाट जनताले सरकार आर्थिक मामिलामा कति जिम्मेदार छ भन्ने पर्गेल्न सकून् ।



नैतिक आचरण

– स्वार्थ बाझ्ने कामबाट बच्नुपर्छ ।

– नैतिक एवं इमान्दार तरीकाले काम गर्नुपर्छ ।

– सरकारी कामका निम्ति आफ्नो कम्पनी वा संस्थालाई नियुक्त गर्नुहुँदैन ।

– पक्षविशेषका लागि काम गर्नेहरू (लबी ग्रुप) बाट महँगा उपहार लिनुहुँदैन ।

– अति विशिष्ट परिस्थितिमा बाहेक नागरिकका व्यक्तिगत सूचना सार्वजनिक गर्न हुँदैन ।

– जालसाजी गर्न हुँदैन ।

– व्यक्तिगत प्रयोजनका लागि सरकारी सम्पत्ति वा सार्वजनिक कोषको प्रयोग गर्न हुँदैन ।

– घूस खान हुँदैन ।

– सरकारी जागिर छोडेको लगत्तै स्वार्थ बाझ्ने खालको अर्को जागिर खान हुँदैन ।

प्रयासहरू

नेपालमा सुशासन अभिवृद्धि गर्न कतिपय कानुनी प्रयास थालिएका छन् । जस्तैः

- सार्वजनिक पद धारण गरेका व्यक्तिबाट हुन सक्ने अनुचित कार्य र भ्रष्टाचार नियन्त्रण गर्न प्रभावकारी भ्रष्टाचार नियन्त्रण ऐन-२०५९ जारी हुनाका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकार क्षेत्र विस्तार भएको छ ।
- सार्वजनिक पदमा रहेका सबै व्यक्तिले हरेक वर्ष आफ्नो सम्पत्ति विवरण अनिवार्यतः दिनुपर्ने व्यवस्था गरिएको छ ।
- सरकारी काम कारबाही पारदर्शी बनाई सबै सूचनामा नागरिकको पहुँच स्थापित गर्न सूचनाको हक सम्बन्धी ऐन २०६५ जारी भएको छ ।

- वित्तीय सुशासन कायम गर्न र बैंकिङ्ग कसुरलार्य दण्डनीय बनाउन २०६४ सालमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन र बैंकिङ्ग कसुर तथा सजायँ ऐन पारित भएको छ।

- सुशासन पाउने नागरिकको हक व्यवहारमा स्थापित गर्न सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन-२०६४ संसदबाट पारित भएको छ।

- संविधानसभा नियमावली २०६५ को परिच्छेद १८ ले संविधानसभाका सभासदहरूले पालना गर्नुपर्ने आचार संहिताको व्यवस्था गरेको छ।

- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिलाई नेपाल सरकारले अनुमोदन गरोस् भनी पुनःस्थापित प्रतिनिधिसभाले २०६३ असोज २५ गते संकल्प प्रस्ताव पारित गरेको छ।



फोटोः समिर घिमिरे/एनपीआई

संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९) मा प्रशिक्षक माइक स्याकआइभर





फोटोः समिर घिमिरे/एनपीआई

संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९) समूह फोटो

अध्याय-३

# संसदीय पत्रकारिता

## संसदीय पत्रकारको भूमिका

लोकतान्त्रिक शासनमा संसदीय पत्रकारहरूले महत्वपूर्ण भूमिका खेल्छन् । उनीहरूलेः

- राजनीतिक नेताहरूको गतिविधिबारे लेखेर सरकारलाई जवाफदेह बनाउँछन् ।
- सरकारका गतिविधिको निगरानी गर्छन् ।
- सरकारका जति कामकाजबारे जनतालाई सरल किसिमले स्पष्ट जानकारी दिन्छन् ।
- सम्पादकीय र लेखहरूमार्फत जनमत निर्माण गर्छन् ।
- सरकारी कामकाज वा सरकारले उठाउन लागेको कुनै पनि कदमका बारेमा प्रशस्त समाचार-सामग्री प्रकाशन-प्रसारण गरेर त्यसलाई प्रभावित पार्न सक्छन् ।
- संसदीय मामिला रिपोर्टिङ गर्ने पत्रकारहरूले संसदसँग सम्बन्धित सानाठूला सबै विषयमा समाचार प्रवाहित गर्छन् र त्यसको असर पनि हुन्छ । जस्तैः

२०६५ साल दशैं अघि भारत सरकारले संविधानसभा/संसद सचिवालयलाई पाँचवटा सुविधाजनक बस प्रदान गरेको थियो । यसबीच इमेज च्यानल (टेलिभिजन) ले ती बसहरूमा भारतको झण्डा अंकित रहेको र 'भारत सरकारद्वारा उपहार दिइएको' लेखिएको दृश्य सहित समाचार प्रसारण गऱ्यो । त्यसको फलस्वरूप सांसदहरूले 'अर्को मुलुकको झण्डा र सन्देश अंकित गाडी नचढ्ने' भनी संसदको बैठकमै विरोध जनाए र ती बस केही महिना विना उपयोग थन्किए । पछि भारतीय झण्डा र सन्देश मेटाएर मात्र तिनको प्रयोग शुरु गरिएको थियो ।



## संसदीय पत्रकारिताका आवश्यक तत्वहरू

संसदीय पत्रकारसँग राम्रो लेख्ने र अन्तर्वार्ता लिने लगायत पत्रकारिताका आधारभूत सीपहरू हुनुपर्छ । साथै उनीहरूलेः

- राम्रो तयारी गर्नुपर्छ ।
- आफैं पहल गर्नुपर्छ ।
- रिपोर्टिङमा विभिन्न पक्षका दृष्टिकोण प्रतिबिम्बित गर्नुपर्छ ।
- समाचारमा आफ्नो विचार मिसाउनुहुँदैन ।

## लेखन-कला

पत्रकारका निम्ति लेखन-कला सबैभन्दा जरूरी कुरा हो । उसले मिहिनेतसाथ यसको विकास गर्नुपर्छ । साथै, कुनै पनि राम्रो समाचार सामग्रीमा यी तीन तत्व समावेश हुनैपर्छः

१. समाचारः नयाँ के छ ? के भयो ?

२. प्रतिक्रियाः सरोकारवालाहरू के भन्छन् ? उदाहरणका लागि, सामान्य दुर्घटना वा आगलागीको समाचारमा सम्बन्धित व्यक्तिको प्रतिक्रियाले ज्यान भर्दछ । राजनीतिक समाचारमा सन्तुलनका लागि पनि प्रतिक्रिया राख्नु जरूरी हुन्छ । कुनै पनि घटनाको पहिलो समाचारमा सम्भव भएसम्म प्रतिक्रिया समावेश गर्नोस् ।

३. सन्दर्भः सान्दर्भिकता के हो र पाठकले यसबारे किन चासो राख्ने ? उदाहरणका लागि, संवैधानिक सहमतिसम्बन्धी समाचार-सामग्रीमा संविधानसभाको प्राथमिक काम संविधान लेख्नु हो र त्यसको समयसीमा तोकिएको छ भन्ने खुलाउनोस् ।

ध्यान दिनुहोस्: राजनीतिक समाचारसामग्रीमा सम्भव भएसम्म एकभन्दा बढी दृष्टिकोण समावेश गर्नु जरूरी छ । एउटा राजनीतिक पार्टी वा नेताले के भन्यो वा गऱ्यो भन्ने मात्र नलेख्नोस् । अरूको प्रतिक्रिया राखिहाल्नोस् । प्रतिक्रिया भोलि लिउँला भनेर काम नसाँच्नोस् ।

६ 'क'

● प्रत्येक समाचार-सामग्रीले ६ 'क' को उत्तर दिएको हुनुपर्छ । जस्तैः को ? के ? कहिले ? कहाँ ? किन ? कसरी ?

● संवाददाताले 'किन' को उत्तर खोज्न प्रायः विर्सन्छन् । तर, यसको उत्तरले समाचारलाई सान्दर्भिकता प्रदान गर्छ ।

उल्टो पिरामिड

समाचार लेख्ने थुप्रै तरीका छन् । तीमध्ये उल्टो पिरामिड शैली सबैभन्दा बढी प्रचलित छ । यसको ढाँचा यस्तो हुन्छ -




उल्टो पिरामिड शैलीका फाइदाः

● शुरुका केही वाक्यबाटै पाठकले समाचारको मुख्य कुरा थाहा पाउँछन् ।

● कम महत्वपूर्ण र मसिना कुरामा रुचि नहुनेले पुरै समाचार पढ्नु पर्दैन ।

● जटिल सूचनाहरू व्यवस्थित गर्न संवाददातालाई सजिलो हुन्छ ।

ध्यानु दिनुहोस्ः समाचारको प्रारम्भ (लीड) मा के राख्ने भन्ने कुरा संवाददाताले आफ्नो विवेकका आधारमा निर्णय गर्नुपर्छ ।



अन्तर्वार्ता-कला

अधिकतर समाचारहरू राम्रो प्रश्न गराइबाट जन्मिन्छन् । प्रश्न उठ्छ, राम्रो प्रश्न कसरी गर्ने त ?

● खुला प्रश्न सोध्नोस्ः खास गरी के, कसरी, किन भनेर । (यस्ता प्रश्नको उत्तर 'हो' वा 'होइन' मात्रमा टुंगिदैन ।)

● लम्बेतान प्रश्न नसोध्नोस् ।

● एकैचोटि दुइटा प्रश्न नसोध्नोस् ।

● प्रश्नमा कुनै टिप्पणी, विचार वा मन्तव्य नघुसाउनोस् ।

अन्तर्वार्तालाई आफ्नो नियन्त्रणमा कसरी राख्ने ?

● सामान्य र अस्पष्ट प्रश्नको सट्टा विषय केन्द्रित, स्पष्ट प्रश्न सोध्नुहोस् ।

● वास्तविक उत्तर आएन भने कम्तीमा एकपल्ट प्रश्न दोहोऱ्याउनुहोस् । नम्रतापूर्वक दृढ रहनुहोस् । तैपनि उत्तर आएन भने 'उनले उत्तर दिन चाहेनन्' भनेर समाचारमा उल्लेख गर्नुहोस् ।




फोटोः समिर घिमिरे/एनपीआई

संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९)

● अन्तर्वार्ता दिनेले अर्कै विषयतिर कुरा मोड्न सक्छ । त्यसबाट झन् राम्रो समाचार बन्छ भने बेग्लै कुरा, नत्र त्यसमा नअलमलिनुहोस् ।

● टेलिभिजन पत्रकारले आफ्नो माइक्रोफोन अन्तर्वार्ता दिने व्यक्तिको हातमा कहित्यै दिन हुँदैन ।

अफ द रेकर्ड

● अन्तर्वार्ताको शुरुमै स्पष्ट शब्दमा 'अफ द रेकर्ड' भनिएको छैन भने सबै कुरा 'अन द रेकर्ड' हो ।

● कसैले 'अफ द रेकर्ड' भन्यो भने उसको आशय के हो भन्ने कुरामा स्पष्ट हुनुहोस् । 'अफ द रेकर्ड' को अर्थ 'अन ब्याकग्राउण्ड' होइन (कतिले यस्तै ठानेका हुन्छन्) ।

ध्यान दिनुपर्ने थप कुराः

● आत्मविश्वासपूर्ण, व्यावसायिक रवैया अपनाउनुहोस् ।

● कुरा गर्न खोजेको विषय, त्यसको पृष्ठभूमि र सान्दर्भिक घटनाक्रमबारे राम्ररी बुझिराख्नुहोस् ।

● लचिलो बन्नुहोस । प्रश्नहरू स्वाभाविक किसिमले बग्दै जाऊन् । पहिले तयार गरेको प्रश्नको क्रम तलमाथि हुन्छ भने भइराखोस् ।

● राम्रो 'श्रोता' बन्नुहोस् । यो अत्यन्तै महत्वपूर्ण कुरा हो । कुनै उत्तरले प्रश्न सोध्न आफूले सोचेकोभन्दा राम्रो विषय तपाईंलाई उपलब्ध गराइदिन सक्छ ।

● अन्तर्वार्तालाई नियन्त्रण बाहिर जान नदिनुहोस् । जुन विषयमा कुरा गर्न खोजेको हो त्यसैमा फर्काइराख्नोस् ।

● आफूले पहिल्यै थाहा छ भन्ठानेको कुरालाई पनि पुष्टि गर्न प्रश्न सोध्नोस् ।



● अन्तर्वार्ता दिनेलाई थप कुरा भनाउन 'मौनता' को उपयोग गर्नुहोस् । उसले बोल्न बन्द गरेपछि पनि एकछिन मौन बस्नोस् र थप कुराको प्रतीक्षा गर्नुहोस् ।

## राम्रो तयारी कसरी गर्ने ?

राम्रो तयारी र उपयुक्त व्यावसायिक रवैया सबैखाले पत्रकारिताका निम्ति आवश्यक हुन्छ । संसदीय पत्रकारितामा त यो झनै जरुरी छ । त्यसका लागिः

● हरेक दिन अखबार पढ्नुहोस् र रेडियो, टेलिभिजनका समाचार ध्यान दिएर सुन्नु, हेर्नुहोस् ।

● सम्पर्क-सूत्रहरूको व्यापक सूची तयार पार्नुहोस् । जस्तै - राजनीतिज्ञहरू, कर्मचारीहरू, पेशागत र अन्य संगठनहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरू, राष्ट्रसंघीय नियोगहरू, आफ्नो क्षेत्रका महत्वपूर्ण व्यक्तिहरू आदि ।

● राम्रो फाइलिङ सिस्टम बनाउनुहोस् । त्यसमा यी कुरा हुनुपर्छः

- सम्पर्क सूत्रहरूको सूची ।
- पछि आवश्यक पर्ने समाचार-सामग्री (जसको आधारमा अग्रिम अनुसन्धान गर्न सकियोस्) ।
- समाचारको अकाल परेका बेला तयार पार्न सकिने 'स्टोरी आइडिया' हरू ।
- तथ्य पत्ता लगाउन आवश्यक 'स्रोत' हरू । जस्तै- संविधानसभा सदस्यहरूको नाम र निर्वाचन क्षेत्र, नेपालसम्बन्धी तथ्याङ्क, देशको अन्तर्राष्ट्रिय रेटिङ (कुन कुरामा कति नम्बरमा पर्छ भन्ने सूची), संघीयतासम्बन्धी जानकारी आदि ।
- पछि तयार पारिने समाचार-सामग्रीमा प्रयोग गर्न सकिने महत्वपूर्ण उद्धरणहरू । जस्तै-कुनै राजनीतिज्ञले एक महिना पहिले बोलेको भन्दा ठ्याक्कै उल्टो बोलेको ।

● आफ्ना सम्पर्क-सूत्रहरूसँग नियमित सम्पर्कमा रहनुहोस् र नयाँ समाचार पत्ता लगाउने प्रयास गर्नुहोस् ।

● सकेसम्म बढी मानिसलाई आफ्नो भिजिटिङ कार्ड दिनुहोस् ।

● सरकारी र राजनीतिक पार्टीका दस्तावेज नियमित रूपमा पढ्ने गर्नुहोस् ।

● अन्य मुलुक, खासगरी संघीय प्रणाली भएका मुलुकका संविधानहरू ध्यानपूर्वक हेर्नोस् ।

● संसदीय समितिका बैठकमा उपस्थित हुनुहोस् । तिनले तपाईंलाई समाचार, सूचना तथा नयाँ सम्पर्क-सूत्रहरू प्रदान गर्छन्, तपाईले सांसदहरूलाई बुझ्न र चिन्न पाउनुहुन्छ ।

● राजनीतिज्ञ र अरुका गफगाफ सुन्ने गर्नुहोस् । उपयुक्त स्रोतबाट पुष्टि गर्न सक्नुभयो भने त्यो राम्रो समाचारको सूत्र हुन सक्छ ।



फोटोः समिर घिमिरे/एनपीआई

संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९)



## समाचार-टिप्पणी

टिप्पणी (वा लेख) समाचार सम्प्रेषणको एउटा महत्वपूर्ण पक्ष हो । टिप्पणीकारलेः

● जटिल सरकारी प्रक्रियाहरूलाई स्पष्ट पार्छ ।

● तथ्य तोडमोड गर्ने राजनीतिज्ञहरूको प्रयास विरुद्ध संघर्ष गर्छ ।

● देश र जनताको समुन्नतिका निम्ति अभियान चलाउँछ ।

● सरकारी नीतिबारे हुने सार्वजनिक छलफलमा योगदान पुऱ्याउँछ ।

नबिर्सनुहोसः समाचारमा आफ्नो विचार कहिल्यै मिसाउनु हुँदैन । तपाईं टिप्प्णी गर्दै हुनुहुन्छ भने त्यो टिप्पणी हो भनेर राम्रोसँग स्पष्ट पारिएको हुनुपर्छ ।

### मिसन पत्रकारिता

मिसन पत्रकारिताले, जसलाई पैरवी पत्रकारिता पनि भनिन्छ, सकारात्मक सामाजिक परिवर्तनका लागि सघाउ पुऱ्याउन सक्छ । यसमा पनिः

● समाचार-सामग्रीमा आफ्नो विचार मिसाउन हुँदैन । बरु एउटै विषयमा थुप्रै समाचार-सामग्री तयार पार्न सकिन्छ जसबाट वर्तमान परिस्थितिले जनता वा क्षेत्रविशेषलाई कसरी असर पारिराखेको छ भन्ने छर्लङ्ग होस् ।

● सबै समाचार-सामग्री पूर्वाग्रहबाट मुक्त, निष्पक्ष र सन्तुलित हुनुपर्छ ।

### पूर्वाग्रहहरू

● हाम्रा व्यक्तिगत पूर्वाग्रहहरूले कुन कुराको समाचार बनाउने, त्यसमा कति जोड दिने र त्यसलाई कुन कोणबाट प्रस्तुत गर्ने भन्ने निर्णयलाई प्रभावित पारिरहेका हुन्छन् ।

● संस्कृति, धार्मिक विश्वास र पौराणिक कथाहरूले समेत हाम्रो निर्णयमा प्रभाव पार्छन् ।

● यस्ता पूर्वाग्रहहरूसँग जुध्ने उपाय एउटै छ- तीबारे होसियार हुने र काम गर्दा सचेत बन्ने ।

शब्द प्रयोग

हामीले प्रयोग गर्ने शब्दहरूले समाचार-सामग्रीलाई पूर्वाग्रही बनाइदिन्छन् । यस्ता शब्दहरूको प्रयोग नगर्नुहोसः

– अन्ततः – सस्तो/महँगा – केवल

– सौभाग्यवश/दुर्भाग्यवश – हिरो/नायक – आतङ्ककारी/स्वतन्त्रता सेनानी



फोटोः समिर घिमिरे/एनपीआई

संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९) मा प्रशिक्षार्थीहरू



अन्तर्राष्ट्रिय प्रचलन

● विशिष्ट परिस्थितिमा बाहेक सबै समाचार-सामग्रीमा एकभन्दा बढी दृष्टिकोण समावेश गरिएको हुन्छ ।

● विशेष महत्वको समाचार-सामग्री प्रकाशित भएपछि संवाददाताहरूले विषय-बस्तुलाई फरक दृष्टिकोणबाट हेर्दै त्यसका बारेमा नियमित रूपमा लेखहरू लेखिरहन्छन् ।

## सूचनाको प्रयोग र आफैं प्रयोग हुनु

राजनीतिज्ञहरूले पत्रकारलाई प्रयोग गर्न खोज्छन् । त्यो तिनको अधिकार हो । पत्रकारहरूले प्रयोग हुनबाट आफैं जोगिनुपर्छ ।

राजनीतिज्ञहरूले पत्रकारलाई सूचना किन दिन्छन् ?

- आफ्नो महत्व बढाउन ।
- आफ्नो पार्टीलाई अघि बढाउन ।
- नयाँ कुरा वा विचारमा जनताको प्रतिक्रिया बुझ्न ।
- अर्को पार्टी वा प्रतिद्वन्द्वीलाई नराम्रो देखाउन ।

प्रयोग हुनबाट बच्ने सबैभन्दा राम्रो उपाय हो - अर्को पक्षको दृष्टिकोण वा प्रतिक्रिया समावेश गर्ने । जस्तैः

- अन्य राजनीतिज्ञहरू ।
- राष्ट्रिय नीतिबाट प्रभावित स्थानीय कर्मचारीहरू ।
- कार्यक्षेत्रमा रहेका विशेषज्ञहरू । जस्तैः डाक्टर, प्राध्यापक, गैससकर्मी आदि ।
- सरकारी नीतिबाट प्रत्यक्ष असर परेका सर्वसाधारण ।

अपुष्ट सूचना

● विवादास्पद सूचनालाई सधैंभरि सकेसम्म दुइटा नत्र एउटा स्रोतबाट पुष्टि गर्ने प्रयास गर्नुहोस् ।

● हल्लाको भरमा रिपोर्टिङ नगर्नोस् । त्यो सत्य हो कि होइन, उपयुक्त स्रोतबाट पत्ता लगाउनुहोस् । अन्तर्राष्ट्रिय प्रचलन पनि यस्तै छ ।

## सूचनाको हकसम्बन्धी ऐन

नेपाल सरकारले २०६५ साल साउन ४ गते 'सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन' पारित गरेको छ ।

● ऐनले प्रत्येक नेपाली नागरिकलाई सरकार र त्यस अन्तर्गतका निकायसँग रहेको सूचना प्राप्त गर्ने अधिकार प्रदान गरेको छ ।

● अब तपाई कुनै पनि सार्वजनिक निकायले गरेको वा गर्न लागेको काम, त्यससम्बन्धी कारवाही अथवा निर्णयसँग सम्बन्धित सार्वजनिक महत्वको कुनै पनि लिखित कागजात, सामग्री वा सूचना माग्न र पाउन सक्नुहुन्छ ।

● विश्लेषणका लागि हेर्नुहोस् वेबसाइट-http://www.article19.org/pdfs/analysis/nepal-rti-act.pdf

निम्नलिखित कुरामा खलल पार्न सक्ने सूचना भने सरकारले दिनुपर्दैनः

● मुलुकको सार्वभौमसत्ता र राष्ट्रिय सुरक्षा ।

● सार्वजनिक शान्ति र कानुन व्यवस्था ।

● अन्तर्राष्ट्रिय सम्बन्ध ।

● आपराधिक मामिलाहरूको अनुसन्धान र अभियोजन ।

● मुलुकको आर्थिक, व्यापारिक र मौद्रिक हित ।

● बैंकिङ तथा व्यापारिक गोपनीयता ।

● समुदायहरूबीच रहेको हार्दिकतापूर्व सम्बन्ध (सामुदायिक सुसम्बन्ध) ।

● व्यक्तिगत गोपनीयता ।



ऐनका कमजोरीहरूः

● 'सामुदायिक सुसम्बन्ध' को आशय ज्यादै अस्पष्ट छ ।

● सूचना प्राप्त गर्न चाहने व्यक्तिले त्यसको कारण खुलाउनुपर्छ । यो व्यवस्था अन्तर्राष्ट्रिय मान्यताको प्रतिकूल छ ।

● सूचना माग्ने व्यक्तिले सूचनाका निम्ति दस्तुर बुझाउनुपर्छ । यसले सूचना माग्न दुरुत्साहित गरेको अनुभव गरिएको छ ।

● ऐन कार्यान्वयन पक्ष अत्यन्तै कमजोर छ । जस्तै-

– ऐन जारी भएको एक वर्षपछि मात्र नियमावली तयार हुन सकेको छ ।

– सबै सार्वजनिक निकायले सूचना अधिकारीको व्यवस्था गरेका छैनन् ।

– सूचना अधिकारी र प्रवक्ताका जिम्मेवारीबारे सार्वजनिक निकायलाई नै राम्रो ज्ञान छैन ।

– ऐन बमोजिम सूचनाको वर्गीकरण हुन सकेको छैन ।

– राष्ट्रिय सूचना आयोगको संस्थागत विकास गर्न सरकार र स्वयम् आयोग उदासीन रहेको छ ।

– ऐन बनाउन दबाब दिनेहरू कार्यान्वयन गराउन दबाब दिनेतर्फ उदासीन देखिएका छन् ।

ऐन र त्यसको कार्यान्वयनमा विभिन्न कमजोरी रहे पनि ऐन आएपछि सरकारी निकायहरूसँग विधिवत् सूचना माग्ने क्रम शुरु भएको छ । साथै मागिएको सूचना प्राप्त नहुँदा अदालत जाने प्रचलन पनि प्रारम्भ भएको छ । यस क्रममा विभिन्न मामिलाहरूमा अदालतले सरकारलाई सूचना दिने आदेश जारी गरेका छन् ।

अध्याय-४

# संसदीय मामिला रिपोर्टिङ

संसदको प्रभावकारी रिपोर्टिङ गर्न पत्रकारलाई संसद तथा राजनीतिक प्रक्रियाको आधारभूत ज्ञान हुनु आवश्यक छ। जसले संसदको नियमित रिपोर्टिङ गर्दैन उसले पनि मोटामोटी रूपमा राजनीति बुझेको हुनुपर्छ किनभने अधिकांश समाचारमा प्रत्यक्ष वा अप्रत्यक्ष तवरले राजनीति गाँसिएको हुन्छ ।

## सबै पत्रकारले बुझ्नुपर्ने कुरा:

- नेपालका सबै पत्रकारलाई संवैधानिक प्रक्रियाबारे र मुलुकको राजनीतिक प्रणालीले कसरी काम गर्छ भन्नेबारे आधारभूत ज्ञान हुनुपर्छ ।
- जिल्ला संवाददाताहरूले संविधानका प्रस्तावित धाराहरूले स्थानीय समुदायलाई कसरी प्रभावित पार्छन् भन्ने समाचार सामग्री तयार पार्न सक्छन् ।
- उनीहरूले संविधानको विषयवस्तुमाथि आफ्नो क्षेत्रका जनताको विचार तथा दृष्टिकोण समेट्नुपर्छ ।
- आफ्नो क्षेत्रका जनताको विचार तथा दृष्टिकोणबारे राजनीतिज्ञहरूलाई थाहा छ भन्ने सुनिश्चित गर्नु काठमाडौंस्थित सञ्चार माध्यमका लागि काम गर्ने जिल्ला संवाददाताहरूको जिम्मेदारी हो ।
- स्थानीय समाचारहरू राष्ट्रिय राजनीतिक समाचार बन्न सक्छन् । जस्तैः कतिपय विरोध कार्यक्रम, खानेपानीको समस्या, स्वास्थ्य समस्या, बसोबासको समस्या, अल्पसंख्यकका मुद्दाहरू आदि ।
- स्थानीय संवाददाताहरूले जिल्ला भ्रमणमा रहेका मन्त्री तथा राजनीतिक नेताहरूको अन्तर्वार्ता लिन सक्छन् ।



- आफ्नो क्षेत्रबाट चुनिएका राजनीतिज्ञहरूले संविधानसभा अथवा संसदमा के गरिरहेका छन् भन्ने उनीहरूलाई राम्ररी थाहा हुनुपर्छ ।
- संघीय राज्यव्यवस्था स्थापित भयो भने, आजका स्थानीय संवाददाताहरू राजनीतिक संवाददाता हुन सक्छन् ।

## संसदीय संवाददाताले बुझ्नुपर्ने कुरा:

संसदीय संवाददातालाई संवैधानिक सिद्धान्तहरू र तिनको पृष्ठभूमि तथा औचित्य, संवैधानिक प्रक्रियाको ढाँचा, त्यसले कसरी काम गर्छ भन्ने कुरा र सम्झौता/सहमति हुन लागेका मुद्दाहरूबारे राम्रो ज्ञान हुनु जरुरी छ । जस्तैः

- विचाराधीन विषय र विवादास्पद मुद्दाहरू, तिनको सीमा र उद्देश्य ।
- समय-सीमा तथा स्वीकृति प्रक्रिया ।
- अन्य मुलुकका लोकतान्त्रिक संविधानमा आधारित, संविधानका विषयवस्तुहरूको मानदण्ड ।
- संघीय प्रणाली भएका मुलुकहरूको अनुभव र समीक्षाका आधारमा, विभिन्न किसिमका संघीयताका सबल र दुर्बल पक्षहरू ।

संसदीय संवाददाताले मुलुकको संसदीय तथा राजनीतिक पद्धतिले कसरी काम गर्छ भन्ने पनि बुझेको हुनुपर्छ । जस्तैः

- संसदको समग्र जिम्मेवारी के-के छ ? जिम्मेवारी अनुरूप के-कति काम भइरहेको छ ?
- संसदीय नियम र कार्यप्रक्रिया कस्तो छ ?
- कानुन निर्माण प्रक्रिया कसरी अघि बढ्छ ?
- संसदीय समितिहरूको उद्देश्य र कार्यक्षेत्र के हो ? समितिमा के-कस्ता समस्या देखा परेका छन् ?
- संसदमा पेश गरिएका र समितिमा विचाराधीन रहेका विधेयकहरू के-कस्ता छन् ? तिनको उद्देश्य, महत्व र मुख्य विषयवस्तु के हो ?

● सांसदहरूले संसदीय गतिविधिमा के-कस्तो भूमिका निर्वाह गरिरहेका छन् र तिनको आचरण के-कस्तो छ ? (अद्यावधिक सूचना)

● सरकारी अभिलेखहरू (जस्तै- कानुनको मस्यौदा, बजेट, नीतिपत्र आदि) कसरी पढ्ने ? कसरी तिनको सार खिच्ने र मूलकुरा बुझ्ने ?

## राजनीतिक समाचार-सामग्री के हो ?

● राजनीतिज्ञ अथवा राजनीतिक पार्टीले गरेको, मुलुकको राजनीतिक प्रक्रियालाई असर पार्न सक्ने कुनै पनि काम ।

● सरकारी निर्णय, पहल, कानुन र आदेशहरू ।

● राजनीतिक प्रक्रिया संलग्न हुन सक्ने कर्मचारीहरूको टिप्पणी । जस्तैः प्रधान सेनापति, स्वास्थ्यकर्मीहरू, सरकारी विद्यालयका शिक्षकहरू आदि ।

● राजनीतिक, सामाजिक र अन्य आन्दोलनहरू । आन्दोलनकारी समूहहरूसँग सरकारले गरेका सम्झौता र तिनको कार्यान्वयनको स्थिति ।

● सरकारी पहलप्रति व्यक्तिविशेष वा संस्थाहरूको प्रतिक्रिया । जस्तैः वकिल, निजी विद्यालय सञ्चालक, अल्पसंख्यक समूह आदि ।

● राजनीतिक प्रक्रियामा प्रभाव पार्ने उद्देश्यले व्यक्तिविशेष वा संस्थाहरूले गरेको पहल । जस्तैः नयाँ राजमार्गको निर्माण, स्वास्थ्य केन्द्रको स्थापना, प्रस्तावित कानुन फेरबदल गर्न गरिएको प्रयास आदि ।

● कुनै पनि महत्वपूर्ण घटनाक्रम जसले राजनीतिक प्रक्रियामा प्रभाव पार्न सक्छ । जस्तैः ठूलो बाढी-पहिरो, भूकम्प, राजमार्ग ठप्प पार्ने हडताल, क्षेत्रीय इन्धन संकट, हैजाको प्रकोप आदि ।

● राष्ट्रिय एकता, अखण्डता, सार्वभौमसत्ता र मुलुकको मौलिक पहिचानका महत्वपूर्ण पक्षहरू र तीसम्बन्धी बहसहरू ।



● राष्ट्रमा प्रभाव पार्ने अन्तर्राष्ट्रिय घटनाक्रम, जसबारे सरकारको प्रतिक्रिया आवश्यक हुन्छ ।

ध्यान दिनुहोस्: कुनै घटना राजनीतिक समाचार हुनका लागि संविधानसभा अथवा संसदमा नै घटित भएको हुनुपर्छ भन्ने होइन । संसदीय संवाददाताले बन्द, हडताल, इन्धन संकट वा बाढी-पहिरोको समाचार त्यहीँ पुगेर लेख्नुपर्ने पनि होइन, तर उसले त्यस्ता घटनाबारे सांसद, सभासद वा राजनीतिज्ञहरूको प्रतिक्रिया लिनुपर्छ । उत्तिकै महत्वपूर्ण कुरा के पनि हो भने स्थानीय संवाददाताले समेत त्यस्ता घटनाको समाचार तयार पार्दा राजनीतिज्ञहरूको प्रतिक्रिया लिने प्रयास गर्नुपर्छ जसमा अन्ततः सरकारको संलग्नता जरुरी हुन्छ ।

## कस्ता कुराको समाचार बनाउने ?

कुनै पनि सञ्चार माध्यमले कुन र कस्ता समाचार दिने भन्ने निर्णय गर्ने सम्पूर्ण अधिकार त्यसमा काम गर्ने संवाददाता र सम्पादकमा निहित हुन्छ । 'न्युज एजेन्डा' निर्धारित गर्न व्यापक रूपमा स्वीकारिएका मान्यता यस्ता छन्:

● आफ्ना पाठक, श्रोता वा दर्शकका निम्ति कस्ता समाचार सबैभन्दा बढी रुचिकर र महत्वपूर्ण हुन्छन् भन्ने आधारमा निर्णय गर्नुहोस् ।

● आज कुन-कुन समाचार दिने भन्ने प्रत्येक दिनको निर्णय (डेली न्युज एजेन्डा) तपाईं, तपाईंका सहकर्मी र तपाईंका सम्पादकले नै गर्नुपर्छ । यदि राजनीतिज्ञ वा अरु कसैलाई, कुन समाचार दिने भनेर तोक्ने छुट दिन थाल्नुभयो भने तपाईंको सञ्चार माध्यम कसैको प्रचार संयन्त्र बन्न पुग्छ ।

● कस्ता कुराको समाचार बनाउने भन्ने निर्णय गर्न त्यसबारे अनुसन्धान गर्नुपर्छ । साथै निम्नलिखित विषयबस्तुबारे तपाईंलाई पर्याप्त ज्ञान हुनुपर्छः

– आफ्ना पाठक/श्रोता/दर्शकको मुख्य रुचि ।

– हरेक नेपाली नागरिकका लागि महत्वपूर्ण हुने सूचना ।

– संवैधानिक सहमति र संघीयता कार्यान्वयनको ताजा स्थिति ।

– संधिवानसभामा उठिरहेका विषयवस्तु, भइरहेको बहस, आइरहेका ऐन-कानुन, संसद र राज्य संयन्त्रहरू ।

– विधेयकमाथि राजनीतिक दल र सांसदहरूले राखेका संशोधन प्रस्ताव, त्यसको उद्देश्य र पृष्ठभूमि ।

– संवैधानिक र संसदीय समितिमा उठिरहेका मुद्दाहरू ।

– संसदले पारित गरेका प्रस्तावहरू र दिएका निर्देशनहरूको कार्यान्वयनको स्थिति ।

– मुलुकका समस्या र विवादहरू ।

– राजनीतिक वृत्तमा फैलिरहेका अफवाह ।

– अन्तर्राष्ट्रिय संगठनहरूले नेपालमा गरिरहेको काम ।

– सांसदहरूले उठाएका मुद्दा र तर्कहरूको गैससससँगको सम्बन्ध ।

– राजकीय भ्रमणमा आउन सक्ने महत्वपूर्ण विदेशी व्यक्तित्वहरू ।

– सरकारले सहमति गर्न लागेका ठूलो लगानीका वा सहयोग कार्यक्रमहरू ।

– प्रमुख व्यावसायिक घटनाक्रमहरू ।

– कामदार-व्यवस्थापनबीचका महत्वपूर्ण सम्झौताहरू ।

– समाचारीय महत्वका अन्य सबै घटनाक्रम ।

मुलुकका घटनाक्रमबारे राम्रोसँग थाहा छ भने तपाईं आफ्नो सञ्चार माध्यमको दैनिक समाचार कार्यसूची (डेली न्युज एजेन्डा) निर्धारित गर्न सक्नुहुन्छ र गर्नुपर्छ पनि ।



## पत्रकार सम्मेलन र प्रेस विज्ञप्ति

पत्रकार सम्मेलन वा प्रेस विज्ञप्ति कसैले पनि आफ्नो निहित उद्देश्यका निम्ति आयोजना वा वितरण गरेको हुन्छ । यसको अर्थ हो - तिनको कुनै पनि समाचारीय मूल्य नहुन सक्छ अथवा तिनका कुरा तपाईंका पाठकका निम्ति चाखलाग्दा नहुन सक्छन् । त्यसैले ध्यान दिनुहोसः

● पत्रकार सम्मेलन वा प्रेस विज्ञप्तिले तपाईंको सञ्चार माध्यमका निम्ति पर्याप्त समाचारीय महत्व राख्दैनन् भने तिनलाई बेवास्ता गर्नुहोस्

नोटः देशका कतिपय क्षेत्रमा केही यस्ता समूह क्रियाशील छन् जसले तिनको प्रेस विज्ञप्तिलाई बेवास्ता गर्दा (प्रचार-प्रसार नगरिदिंदा) पत्रकार र/अथवा सञ्चार माध्यमलाई धम्क्याउने र नोक्सान पुऱ्याउने गरिरहेका छन् । यस्तो अवस्थामा आफूलाई खतरामा नजाक्नुहोस् । यसबाट उम्कने एउटा उपाय के हुन सक्छ भने अखबार, रेडियो वा टेलिभिजनमा समाचार दिइनेभन्दा बेग्लै यस्तो निश्चित ठाउँ वा समय छुट्याउनोस् जहाँ 'प्राप्त विज्ञप्तिहरू' भनेर यस्ता सामग्रीलाई स्थान दिन सकियोस् । यसो गर्दा धम्कीलाई पनि छल्न सकिन्छ र त्यस्ता विज्ञप्तिले वैध समाचारको रूप लिन पनि पाउँदैनन् ।

● पत्रकार सम्मेलनमा दिइएको सूचना चूपचाप स्वीकार नगर्नोस् । प्रश्न गर्नुहोस् । यो काम ठ्याक्कै अन्तर्वार्ता लिए जस्तो हो । (हेर्नुहोस्, अन्तर्वार्ता-कला, अध्याय-३)

● कुनै प्रेस विज्ञप्ति समाचार बनाउन लायक छ भन्ने ठान्नुहुन्छ भने विज्ञप्ति जारी गर्ने व्यक्ति वा संस्थाको अन्तर्वार्ता लिनु उत्तिकै महत्वपूर्ण हुन्छ । यसो गर्दा तपाईंको समाचार, विज्ञप्तिलाई पुनर्लेखन मात्र गरेर खबर बनाउने अन्य सञ्चार माध्यमहरूको भन्दा बेग्लै र राम्रो हुन्छ ।

● पत्रकार सम्मेलन र प्रेस विज्ञप्ति दुवैमा जे भनिएको छ त्यसको मात्र रिपोर्टिङ नगर्नुहोस् । अरुको प्रतिक्रिया लिनुहोस् र सन्दर्भ खुलाउनुहोस् । यसो गर्दा समाचारले तपाईंलाई नियन्त्रित गर्न पाउँदैन र तपाईं जनतालाई सन्तुलित सूचना दिन सक्नुहुन्छ ।

## लबिइंग (समर्थन जुटाउने)

राजनीतिज्ञहरू, तिनका सहयोगीहरू, राजनीतिक पार्टीहरू, विशेष स्वार्थ-समूहहरू र अन्यले समेत आफ्नो दृष्टिकोण अथवा नीतिबारे राम्रो समाचार बनाइदिन तपाईंलाई मनाउने प्रयास गर्छन् भने त्यो 'लबिइंग' हो । यसरी राजनीतिक संवाददाताहरूलाई मनाउन उनीहरू प्रशस्तै सफल पनि हुन्छन् ।

- लोकतन्त्रमा लबिइंग सामान्य कुरा हो । हरेक व्यक्तिलाई आफ्नो धारणा व्यक्त गर्ने र त्यसमा अरुलाई सहमत गराउन प्रयास गर्ने अधिकार हुन्छ ।
- त्यसैगरी, लोकतन्त्रमा तपाईंलाई पनि अर्काको धारणा वा दृष्टिकोण स्वीकार वा अस्वीकार गर्ने अधिकार छ । तिनको दृष्टिकोणबारे समाचार बनाउने हो भने त्यसभन्दा पृथक धारणा राख्ने व्यक्ति वा पक्षको दृष्टिकोण पनि समावेश गर्नुपर्छ ।

### अन्तर्राष्ट्रिय प्रचलन

- आफ्नो सञ्चार माध्यमको 'न्युज एजेन्डा' त्यसका संवाददाताहरू र सम्पादकले नै तय गर्छन् ।
- कस्ता घटनाको समाचार बनाउने भन्ने निर्णय तिनको समाचारीय मूल्यमा आधारित हुन्छ ।
- त्यस्तो निर्णय जनताको रुचि र स्वार्थलाई ध्यानमा राखेर गरिन्छ; निजी, व्यक्तिगत वा राजनीतिक स्वार्थका आधारमा होइन ।

## बीट रिपोर्टिङ

'बीट संवाददाता' हरू एउटा विषय वा क्षेत्रमा केन्द्रित रहेर काम गर्छन् । थुप्रै सञ्चार माध्यमले राजनीतिको मात्र रिपोर्टिङ गर्ने बीट संवाददाता राखेका छन् । कतिपय ठूला सञ्चार माध्यमले भने राजनीतिका पनि छुट्टाछुट्टै क्षेत्रको मात्र विशिष्ट रिपोर्टिङ गर्ने गरी कैयौं बीट संवाददाताहरूको व्यवस्था गरेका छन् ।



### बीट रिपोर्टिङका फाइदाः

- विशेषज्ञता हासिल हुँदै जान्छ ।
- सान्दर्भिक एवं गहन समाचार सामग्री तयार पार्न सकिन्छ ।
- राजनीतिज्ञहरूले तपाईंलाई झुक्याउन सक्तैनन् किनभने तिनले जति कुरा तपाईंले पनि थाहा पाउन सक्नुहुन्छ ।

नेपालमा प्रमुख सञ्चार गृहहरूले आ-आफ्नै तरीकाले बीट रिपोर्टिङको व्यवस्था मिलाएका छन् । त्यसमध्ये राजनीतिक बीट ठूला पार्टीहरूमा आधारित हुने गरेको छ । कान्तिपुर दैनिकमा राजनीतिक बीट पाँचजना संवाददाताहरूमा व्यवस्थित गरिएको छ । तीमध्ये चारजनाले क्रमशः माओवादी, नेपाली कांग्रेस, एमाले र मधेसवादी दलहरूको र अन्य एकजनाले बाँकी स-साना पार्टीहरूको रिपोर्टिङ गर्छन् । नेपाली कांग्रेस विभाजित हुँदा सो पत्रिकाले दुवै कांग्रेसका निम्ति छुट्टाछुट्टै संवाददाता तोकेको थियो । इमेज च्यानल (टेलिभिजन) मा पनि माओवादी, कांग्रेस, एमाले, मधेसवादी दलहरू र 'अन्य पार्टीहरू' को बीट बेग्लाबेग्लै संवाददातालाई जिम्मा दिइएको छ । अन्नपूर्ण पोष्ट दैनिकमा छ जनाको राजनीतिक ब्यूरो रहेको छ । त्यस अन्तर्गत माओवादी, कांग्रेस, एमाले, मधेसवादी दलहरू, संसद/संविधानसभा र अदालतलाई बीट बनाइएको छ ।

### बीट कसरी छान्ने ?

त्यस्तो विषय/क्षेत्रलाई बीट बनाउनुहोस् जहाँबाट अत्यधिक महत्वपूर्ण समाचार-सामग्री पाइन सक्छ भन्ने तपाईंलाई लाग्छ । बीटमा काम गर्दाः

- क्षमताले भ्याएसम्म विशेषज्ञ बन्नुहोस् । बीटसँग सम्बन्ध राख्ने हरेक कुरा पढ्नुहोस् । समितिका बैठकहरूमा उपस्थित रहनुहोस् ।
- बीटसँग सम्बद्ध मानिसहरूसँग सम्बन्ध विकास गर्नुहोस् ।
- आफैं पहल गर्नुहोस् । राजनीतिज्ञहरूले समाचार देलान् भनेर नकुर्नुहोस् ।

ध्यान दिनुपर्ने थप कुराः

● सम्पर्क-सूत्रहरूको सूची तयार पार्नुहोस् र निरन्तर सम्पर्कमा रहनुहोस् ।

● सरकारका सचिवहरू र अन्य कर्मचारीबारे जानकारी राख्नुहोस् ।

● सरकार बाहिरका मानिसलाई पनि स्रोतका रूपमा लिनुहोस् । जस्तै- सुरक्षा विषयक समाचार तयार पार्दै हुनुहुन्छ भने हतियार निर्माताहरू र शान्ति अभियानमा संलग्न व्यक्तिहरूसँग पनि कुरा गर्नुहोस् ।

● 'स्टोरी आइडिया' हरूको सूची बनाइराख्नोस् र बेलाबखत त्यसलाई अद्यावधिक गरिरहनुहोस् ।

● व्यवस्थित बन्नुहोस्, फाइल-फोल्डरहरूको उपयोग गर्नुहोस् ।

● अन्तर्वार्ता लिइसकेपछि घर अथवा मोबाइलको फोन नम्बर र इमेल ठेगाना माग्न नविर्सनुहोस् ।

● बीट रिपोर्टिङ राम्रो सम्बन्धका आधारमा मात्र हुन सक्छ । त्यसैले समाचार-सामग्री तथ्यपूर्ण बनाउन र तथ्यहरूलाई स्वच्छ-सही ढंगले प्रस्तुत गर्न एकदमै होश पुऱ्याउनुहोस् ।

सञ्चार माध्यम सानो छ र एक जनालाई छुट्टै राजनीतिक बीटमा लगाउन नसक्ने अवस्था छ भने पनि राजनीतिक बीटको व्यवस्था मिलाउन सकिन्छ । त्यसका लागिः

- एउटा वा दुइटा महत्वपूर्ण पक्ष/क्षेत्रलाई बीट बनाउने निर्णय गर्नुहोस् । अनि हप्तामा एक वा आधा दिन त्यसमा केन्द्रित भएर काम गर्नुहोस् ।

- सहकर्मीहरूको सहयोग लिनुहोस् । जस्तै- आर्थिक संवाददातालाई हप्तामा एकचोटि राजनीतिसँग जोडिएको आर्थिक समाचार तयार पार्न आग्रह गर्नुहोस् ।



## प्रोएक्टिभ रिपोर्टिङ

प्रोएक्टिभ रिपोर्टिङ त्यसलाई भनिन्छ जसमा कुनै व्यक्ति, राजनीतिक पार्टी, संगठन वा समूहले के भन्यो अथवा गऱ्यो भनेर त्यति मात्र रिपोर्टिङ गर्नुको सट्टा विषयवस्तु र घटनाक्रमको भित्री तहसम्म पुगेर मौलिक समाचार-सामग्री तयार पारिन्छ ।



फोटोः समिर घिमिरे/एनपीआई
संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९)

प्रोएक्टिभ समाचार सामग्रीले निम्निलिखित प्रश्नहरूमध्ये एक वा प्रायः त्यसभन्दा बढी प्रश्नको उत्तर दिन्छन्:

- त्यो काम किन गर्ने ?
- प्रभाव के पर्छ ?
- प्रभावित हुन सक्ने र अन्य मानिसहरू त्यसबारे के सोच्छन् ?
- काम कहिले हुन्छ ?
- कसले गर्छ ?
- पैसा कहाँ जान्छ ?
- कसलाई फाइदा हुन्छ ?

- कसरी फाइदा हुन्छ ?

यस्ता समाचारले सन्दर्भ स्पष्ट्याउँछन् अनि कुनै पनि राजनीतिक घोषणा वा घटनाबारे प्रतिक्रिया समावेश गर्छन् । पाठक, श्रोता वा दर्शकलाई गहन एवं विस्तृत जानकारी दिन्छन् ।

प्रोएक्टिभ समाचार सामग्रीका केही प्रकार

● प्रतिक्रिया समावेश गर्ने: वक्तव्य, भाषण र अन्य घटनाको रिपोर्टिङ त हुन्छ तर त्यसका साथसाथै के भनियो वा गरियो भन्नेबारे प्रत्यक्षतः रुचि राख्ने मानिसहरूको प्रतिक्रिया पनि समावेश गरिन्छ ।

● सन्दर्भ स्पष्ट्याउने: राजनीतिज्ञ अथवा सार्वजनिक व्यक्तित्वको भनाई उद्धृत मात्र गरिँदैन, त्यससँग सम्बन्धित पृष्ठभूमि र सन्दर्भ पनि खुलाइन्छ । जस्तै- अहिले त्यस्तो टिप्पणी किन गरियो भन्ने कुराको व्याख्या । अथवा, टिप्पणी नीतिगत परिवर्तन थियो भन्ने व्याख्या र नीतिमा परिवर्तन किन गरियो भन्ने खुलासा ।

● विश्लेषण गर्ने: परिस्थिति अथवा नीतिको चिरफार गरिन्छ । जस्तै- संवैधानिक प्रक्रियामा के उपलब्धि हुन सक्यो र के हुन सकेन ? बिर्सन नहुने कुरा के हो भने विश्लेषणात्मक सामग्री भनेको टिप्पणी होइन । यो सन्तुलित हुनुपर्छ ।

● इन-डेप्थ स्टोरी: जनतालाई गहन सूचना उपलब्ध गराइन्छ । जस्तै- विभिन्न प्रकारका संघीयताबीचको तुलना । अथवा नेपालमा क्रियाशील विभिन्न सशस्त्र समूहहरूको चार्ट जसमा तिनका नेता, माग, आकार र अन्य सूचना समावेश गरिएको होस् ।

● प्रभाव-कथा: सरकारी निर्णय र नीतिहरूबाट जनतामा परेको प्रभाव छर्लंग पारिन्छ । जस्तै- राजमार्ग बनाउन भनेर जबर्जस्ती हटाइएका जनताको स्थिति र उनीहरूसँगको कुराकानी ।

● प्रोफाइल: प्रोएक्टिभ प्रोफाइल कसैसँगको कोरा अन्तर्वार्ता मात्र होइन । यसमा त्यस व्यक्तिबारे अरुको टिप्पणी र उसको सार्वजनिक जीवनको लेखाजोखा पनि समावेश गरिएको हुन्छ ।



● सबैखाले खोजमूलक रिपोर्टिङ

संसदीय मामिलाका प्रोएक्टिभ समाचार सामग्रीहरू छापा र विद्युतीय सबैखाले नेपाली सञ्चार माध्यममा आउने गरेका छन् । जस्तै :

- नेपाल साप्ताहिकले पूर्णाङ्क ३३९ मा 'बन्ला संविधान समयमै ?' शीर्षकको विश्लेषण (आवरण-कथाका रूपमा) प्रकाशित गरेको छ । त्यसमा संविधान निर्माण गर्ने पूर्वनिर्धारित समय कम हुँदै गएको तर्फ ध्यान आकर्षित गर्दै संविधान लेखनको काम कहाँ पुगेको छ, सभासद्हरू कसरी काम गरिरहेका छन् र राजनीतिक दलहरू कति क्रियाशील छन् भन्ने विश्लेषण गरिएको छ । संविधानसभा गठन भएको सात महिनाभित्र बल्लतल्ल समितिहरूको मात्र गठन भएको, संविधान निर्माणको वास्तविक काम भने शुरु हुन नसकेको स्पष्ट पारिएको छ । संविधानसभाका बैठकहरूमा सभासदहरूले रुचिपूर्वक भाग लिने नगरेको, गहन छलफल नभएको र जनताबीच गएर उनीहरूको मत बुझ्न खासै रुचि नलिएको विषय उजागर पारिएको छ । विश्लेषणमा विभिन्न तथ्याङ्क, घटनाक्रम तथा राजनीतिक दलहरूका सभासद र स्वतन्त्र बुद्धिजीवीहरूको भनाइ उद्धृत गरिएको छ । संविधानसभामा रहेका २४ दलहरूबीचको अवधारणागत भिन्नता नै संविधान निर्माणको सबैभन्दा ठूलो तगारो भएको निष्कर्ष समाचार सामग्रीले निकालेको छ ।

- हिमाल खबरपत्रिका (पाक्षिक) ले पूर्णाङ्क २३४ मा 'सक्रिय भए समिति' शीर्षकमा जनतासँग सुझाव माग्ने नाममा ठूलो साधनस्रोत खर्च गरिए पनि त्यो प्रभावकारी हुन नसकेको विश्लेषणात्मक समाचार सामग्री छापेको छ । संविधानसभाका विभिन्न समितिहरूले आ-आफ्नो विषय क्षेत्रमा नयाँ संविधानमा के कस्ता प्रावधान राख्नुपर्ला भनी विभिन्न आमसञ्चार माध्यमबाट डेढ महिनादेखि सुझाव आह्वान गर्दै आएका थिए जसमा ठूलो रकम खर्च भएको थियो । तर त्यसका बाबजूद कुल मिलाएर पाँच सय जति मात्र सुझाव प्राप्त भएको तथ्य प्रस्तुत गर्दै ती सुझाव मुख्यतः राजधानी बाहिर र विदेशमा बस्ने नेपालीले पठाएको खुलस्त पारिएको छ । त्यसरी आएकामध्ये अधिकांश सुझाव गतिला नभएको भन्दै के-कस्ता सुझाव आए भन्ने पनि खुलाइएको छ । घटनाक्रम, तथ्याङ्कहरू र सम्बद्ध व्यक्तिहरूको भनाइ उद्धृत गरिएको उक्त विश्लेषणमा सबै समितिले बेग्लाबेग्लै सुझाव

मागेर पैसा बगाउनुभन्दा सबैका लागि एउटा समितिले सुझाव माग्नु बेस हुन्थ्यो भन्ने टिप्पणी गरिएको छ । साथै प्राप्त सुझावहरूकै पनि व्यवस्थित अध्ययन र प्रोसेसिङ नभइरहेको जानकारी समेत दिइएको छ ।

ध्यान दिनुपर्ने थप कुरा:

● प्रतिक्रिया लिनु भनेको अर्को पार्टीका सदस्यहरूसँग कुरा गर्नु मात्र होइन । नेताको वक्तव्य अथवा सरकारी निर्णयबाट प्रभावित व्यक्तिहरूसँग कुराकानी गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । सम्बन्धित विशेषज्ञको अन्तर्वार्ता लिनु पनि प्रायः लाभदायी हुने गर्छ ।

● राजनीतिज्ञहरूसँग कुरै नगरी पनि राजनीतिक समाचार-सामग्री तयार पार्न सकिन्छ । जस्तै- नेपालको राजमार्ग प्रणालीबारे तयार पारिने समाचारमा तपाईं ईन्जिनियर र अर्थशास्त्रीहरू अनि बस र ट्रान्सपोर्ट कम्पनी वा सञ्चालकहरूको मात्र भनाइ राख्न सक्नुहुन्छ ।

● क्षेत्रीय घटनाक्रमलाई ख्याल गर्नुहोस् । बन्द-हडताल, भुइँचालो, खानेपानीको अभाव जस्ता स्थानीय समाचारहरू प्रायः राष्ट्रिय राजनीतिक समाचार बन्न पुग्छन् । क्षेत्रीय घटनाक्रमलाई ध्यानपूर्वक नियालिरहने हो भने तपाईं त्यसबारे राजनीतिक प्रतिक्रिया प्राप्त गर्ने पहिलो संवाददाता बन्न सक्नुहुन्छ ।

● अन्तर्राष्ट्रिय, खास गरी छरछिमेकका घटनाक्रमबारे सचेत रहनुहोस् । कहिलेकाहीँ अर्को मुलुकमा भएका निर्णयले नेपाललाई प्रभावित पार्न सक्छन् र प्रोएक्टिभ समाचार बन्न सक्छन् ।

ख्याल गर्नुहोस्: प्रोएक्टिभ राजनीतिक पत्रकारिता गरेर तपाईं जनतालाई राजनीतिज्ञहरूले चाहेभन्दा धेरै बढी सूचना दिन सक्नुहुन्छ ।

विभिन्न जिल्ला र क्षेत्रमा भएका घटनाहरू स्थानीय संवाददाताद्वारा रिपोर्टिङ भएपछि राष्ट्रिय मुद्दा बन्न पुगेका र तिनले देशको मात्र नभई विदेशको समेत ध्यान तानेका थुप्रै उदाहरण छन् । जस्तैः

बारा जिल्लाको रतनपुरी गाविसको जंगलमा भर्खर किशोर अवस्था पार गरेका रामबहादुर बमजनले निराहार तपस्या गरिरहेको समाचार २०६२ सालको शुरुतिर स्थानीय अखबारमा छापिएको थियो । शुरुमा मानवीय अभिरुचिको सामान्य समाचारका रूपमा स्थान पाएको त्यो घटनाले केही दिनभित्रै राष्ट्रिय



स्तरका सञ्चार माध्यमहरूमा प्राथमिकता पाउन थाल्यो । त्यसले मानिसहरूको ध्यान अचम्मलाग्दो गरी आकर्षित गऱ्यो ।

तपस्यारत रामबहादुरलाई हेर्न रतनपुरीको जंगलमा मानिसहरूको अनवरत ताँती लाग्न थाल्यो । स्वदेशका मात्र होइन, विदेशमा समेत छापा र विद्युतीय सञ्चार माध्यमहरूको धुइरो लाग्यो र महिनौं महिनासम्म केही नखाई तपस्या गर्न सम्भव छ कि छैन भन्ने बारे व्यापक बहस चल्यो ।

रतनपुरीको जंगलमा ठूलो भीड लाग्न थालेपछि 'तपस्यामा अवरोध आएको' भन्दै रामबहादुर २०६२ फागुनमा त्यहाँबाट बेपत्ता भए र दश महिनापछि बाराकै पथलैयास्थित जंगलमा तपस्या गरिरहेको अवस्थामा फेला परे । उनी बेपत्ता भएको घटना पनि राष्ट्रिय चासोको समाचार बनेको थियो भने फेला परेको घटना त्योभन्दा ठूलो समाचार बन्न पुग्यो । उनी अहिले पनि तपस्या गरिरहेकै छन् भनिन्छ र उनका बारेमा छापिने समाचार उत्तिकै चासोको विषय हुने गर्छ ।

● ट्रक व्यवसायीहरूले सिन्डिकेट अर्थात् चक्रीय प्रणाली अपनाएर ढुवानी भाडा महँगो पारेको र त्यसले दैनिक उपभोग्य वस्तुको भाउ अस्वाभाविक रूपमा बढेको भन्दै धनगढी (कैलाली) का व्यापारीहरूले २०६५ असारदेखि ट्रकहरूलाई ढुवानीका निम्ति सामान दिन बन्द गरे । यसबाट सुदूर पश्चिमका पहाडी जिल्लामा दैनिक उपभोग्य बस्तुको आपूर्ति बन्द हुन पुग्यो । यो घटनाले स्थानीय सञ्चार माध्यममा महत्व पाउनु स्वाभाविक थियो । दिन बित्दै जाँदा यसले केन्द्रीय सञ्चार माध्यमहरूको ध्यान आकर्षित गऱ्यो । त्यसपछि एकातिर धनगढी 'ट्रक बहिष्कार' आन्दोलन सुदूर पश्चिमका सबै जिल्लामा फैलन पुग्यो भने अर्कातिर सिन्डिकेट प्रणालीको औचित्यबारे राष्ट्रव्यापी बहस शुरु भयो । बहस चर्कंदै गएपछि सरकारले सिन्डिकेट प्रणालीलाई अवैध भन्दै यस्तो सिन्डिकेट चलाउनेलाई कारवाही गर्ने घोषणा गऱ्यो ।

● दाङ जिल्लाका सीमावर्ती गाउँहरूमा भारतीय पक्षद्वारा सीमा मिचिएको र गाउँलेहरू प्रताडित भएको समाचार २०६५ जेठको शुरुतिर स्थानीय संवाददाताद्वारा प्रवाहित भयो । स्थानीय बासिन्दाका अनुसार त्यस्ता घटना पहिले पनि हुने गरेका थिए तर तिनको समाचार बन्दैनथ्यो । यसपटक समाचार बनेपछि त्यो मुद्दा तत्काल राष्ट्रिय चासोको विषय बन्यो । त्यसका विरुद्ध चारैतिरबाट आवाज उठ्न थाले र संसदमा समेत त्यो मुद्दा जोडतोडले उठ्यो । सांसदहरूको टोली भारत सरकारद्वारा उपहार दिइएका बस चढेर घटनाको स्थलगत निरीक्षण गर्न गए र सीमा मिचिएको प्रतिवेदन दिए । त्यसबारे भारत सरकारले पहिले राजदूत मार्फत र पछि असारको दोस्रो साता नेपाल आएका आफ्ना विदेश सचिव मार्फत आफ्नो पक्ष स्पष्ट पार्ने प्रयास गऱ्यो ।

अध्याय-५

# नैतिक मानदण्ड

## सामान्य नैतिक मानदण्डहरू

लोकतान्त्रिक मुलुकहरूमा सबैखाले पत्रकारबीच थुप्रै नैतिक मान्यताहरू सर्वस्वीकार्य रहिआएका छन् । त्यसमा पनि संसदीय पत्रकारले अपनाउनुपर्ने खास आचरणहरू हुन्:

- कुनै पनि राजनीतिज्ञ वा राजनीतिक पार्टीबाट कुनै पनि बहानामा कहिल्यै पैसा नलिनोस् ।
- उनीहरूबाट उपहार, भ्रमण कार्यक्रम, खेलकूद वा साँस्कृतिक कार्यक्रमको टिकट लगायत पैसा पर्ने कुनै पनि कुरा कहिल्यै स्वीकार नगर्नोस् ।
- राजनीतिज्ञहरूलाई नीतिगत सल्लाह नदिनोस् ।
- उनीहरूका निम्ति भाषण लेखिदिने अथवा पैसा लिएर वा नलिएर गरिने कुनै पनि काम नगर्नोस् ।
- सार्वजनिक रूपमा कुनै नेता वा पार्टीको तरफदारी नगर्नोस् ।
- तिनको पक्षमा प्रचारप्रसार वा राजनीतिक काम नगर्नोस् ।
- नागरिकका नाताले कुनै पार्टीसँग सम्बद्ध हुन पाउनु तपाईंको अधिकार हो । तर सबैले विश्वास गर्न सक्ने पत्रकार बन्न पार्टी सदस्यता नलिनु नै बेस हुन्छ ।
- एउटा पार्टीको सकारात्मक समाचार मात्र र अर्को पार्टीको नकारात्मक समाचार मात्र लेख्ने नगर्नोस् ।
- सूचना प्राप्त गर्न कुनै पनि गैरकानुनी बाटो नअपनाउनोस् ।
- आफ्ना स्रोतहरूलाई बचाउनोस् ।



- कुनै पनि राजनीतिक वक्तव्यमाथि अन्य पार्टी, समूह वा त्यसमा प्रत्यक्ष चासो राख्ने व्यक्तिहरूको प्रतिक्रिया लिन कहिल्यै नछुटाउनोस् ।
- समाचारमा सम्पादकीय टिप्पणी कहिल्यै नघुसाउनोस् ।
- राजनीतिज्ञले दिएको सूचना प्रकाशित-प्रसारित गर्नुअघि त्यसको सत्यता पुष्टि गर्नोस् ।
- कुनै नेताले कसैलाई गाली गर्छ, फोहोरी कुरा गर्छ, घृणा फैलाउने भाषण गर्छ, जनतालाई तर्साउन खोज्छ अथवा हिंसाको वकालत गर्छ भने उसको भनाइ जस्ताको तस्तै उद्धरण चिन्हभित्र राखेर वा श्रव्यदृश्य क्लिपहरू मार्फत यथावत् प्रस्तुत गरेर समाचार बनाउनोस् । उसले भनेको कुरा आफ्ना शब्दमा कहिल्यै प्रस्तुत नगर्नोस् ।
- त्यस्तो समाचार छाप्नु वा प्रसारण गर्नु अघि गाली गरिएको व्यक्ति, अन्य राजनीतिज्ञहरू, सम्बन्धित अधिकारी, मानव अधिकारकर्मी



फोटोः समिर घिमिरे/एनपीआई

संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९) मा प्रशिक्षक जोन कीटिङ

र कानुनविद्हरूको टिप्पणी वा प्रतिक्रिया समावेश गर्न कहिल्यै नछुटाउनोस् ।

कतिपय अवस्थामा संसदीय पत्रकारका सामु उपस्थित हुने नैतिक प्रश्नहरू निकै जटिल हुन्छन् । तिनको समाधान कसरी गर्ने भन्ने अन्तर्राष्ट्रिय मापदण्ड पनि नहुन सक्छ । त्यस्तो बेला उसले आफ्नो विवेकका आधारमा के गर्ने भनेर निर्णय लिनुपर्ने हुन्छ ।

यस्तो निर्णय लिंदा सधैं ख्याल गर्नुपर्ने कुरा के हो भने, पत्रकारले त्यस्तो कुनै पनि काम कहिल्यै गर्न हुँदैन जसले उसको सत्यनिष्ठा संकटमा परोस् ।

## राजनीतिज्ञसँगको सम्बन्ध

संसदीय पत्रकार र राजनीतिज्ञबीचको सम्बन्ध जटिल हुन्छ । उनीहरू प्रायः एउटै भवनमा (संसद) काम गर्छन्, दिनहुँजसो भेटघाट हुन्छ, आपसमा सामाजिक सम्बन्ध कायम राख्नु जरुरी हुन्छ, अनि कहिलेकाहीँ व्यक्तिगत मित्र पनि बन्न पुग्छन् । तर, ध्यान दिनुपर्ने कुरा के हो भने उनीहरूबीचको सम्बन्ध मूलतः आपसी स्वार्थमा आधारित हुन्छ । पत्रकारलाई समाचार प्राप्त गर्न राजनीतिज्ञको आवश्यकता हुन्छ भने राजनीतिज्ञलाई कुनै पनि मुद्दामा आफ्नो पक्ष जनसमक्ष पुऱ्याउन, आफूलाई अघि बढाउन अथवा आफ्नो पार्टीलाई राम्रो र अन्य पार्टीलाई नराम्रो देखाउन पत्रकार नभई हुँदैन ।

नबिर्सौं: राजनीतिज्ञहरूले आफ्नो पक्षलाई सहयोग-समर्थन गर्न पत्रकारलाई लबिइंग वा प्रयोग गर्ने प्रयास गर्नसक्छन् । प्रत्यक्ष वा अप्रत्यक्ष घुस नदिइएसम्म त्यसो गर्नु आपत्तिजनक होइन । (यस्तो बेला के गर्ने भन्ने अध्याय-४ मा 'लबिइंग' को सन्दर्भमा उल्लेख भइसकेको छ ।)

ध्यान पुऱ्याउनुपर्ने कुरा:

- राजनीतिज्ञले तपाईंलाई कुनै सूचना दिन्छ भने त्यसमा उसको स्वार्थ लुकेको हुन्छ भन्ने सधैं ख्याल गर्नुहोस् ।
- ऊ तपाईंलाई कुनै सूचना किन दिंदैछ बुझ्ने प्रयास गर्नोस्, साथै



त्यसमा उसले के कुरा लुकाएको छ भन्ने पत्ता लगाउन कोशिश गर्नोस् ।

- राजनीतिज्ञहरूसँग सधैं व्यावसायिक व्यवहार गर्नोस् ।
- आफ्नो पेशागत काममा सहयोग पुग्छ भने राजनीतिज्ञसँग खानपिन गर्न सक्नुहुन्छ, तर त्यस्तो खानपीन उसको घरमा होइन कुनै रेस्टुराँमा गर्नु राम्रो हुन्छ ।
- राजनीतिज्ञसँग घनिष्ठ वा रोमान्टिक सम्बन्ध नगाँस्नोस् । त्यसले तपाईको करिअर ध्वस्त पार्न सक्छ ।
- व्यापक सम्पर्क-सूत्रहरू बनाइराख्नोस् जसले गर्दा कुनै सूचनाका लागि एक वा दुई जनामा मात्र भर पर्नु नपरोस् ।
- राजनीतिज्ञले सूचना दिन लाग्दा त्यसलाई कसरी प्रयोग गर्ने भन्ने शर्त सधैं स्पष्ट पार्ने गर्नोस् । के समाचारमा उसलाई नाम सहित उद्धृत गर्न सकिन्छ ? अथवा ऊ आफ्नो नाम उल्लेख नगरिकनै सूचना सार्वजनिक होस् भन्ने चाहन्छ ?
- यदि राजनीतिज्ञले आफ्नो भनाइ 'अफ द रेकर्ड' रहोस् भनेर विशेष जोड दिन्छ भने उसले दिएको सूचना सही हो कि होइन भनेर सतर्कता अपनाउनोस् ।
- राजनीतिज्ञले व्यक्तिगत रूपमा कुनै सूचना उपलब्ध गरायो भने छाप्नु वा प्रसारण गर्नु अघि सधैं अन्य स्रोतहरूबाट त्यसको सत्यता जाँच गर्नोस् ।
- कुनै पनि सूचना राजनीतिज्ञले तपाईलाई मात्र दिएको छ भन्ने नठान्नोस् ।
- मन्त्रिपरिषदमा नरहेका राजनीतिज्ञहरूसँग पनि सम्बन्ध विकास गर्नोस् । किनभने, भविष्यमा उनीहरू महत्वपूर्ण स्थानमा पुग्न सक्छन् र त्यसबेला तपाईंलाई सहजै विश्वास गर्नेछन् ।
- राजनीतिज्ञले दिएको सूचना प्रयोग गर्दा अन्य राजनीतिज्ञ, पार्टी वा संसद बाहिरको समूहका व्यक्तिको प्रतिक्रिया पनि समावेश गर्नोस् ।

● कुनै पनि राजनीतिज्ञलाई लामो समय नजिकबाट नियालेपछि मात्र उसको भित्री सोचाइ एवं प्रवृत्ति पत्ता लगाउन र उसमाथि विश्वास गर्न सकिन्छ कि सकिँदैन भन्ने थाहा पाउन सकिन्छ ।

● त्यस्तै, असली राजनीतिज्ञले पनि, तथ्यपूर्ण र निष्पक्ष पत्रकारिता गर्नुहुन्छ भनेर तपाईंमाथि विश्वास गर्न सकिन्छ कि सकिँदैन भन्ने थाहा पाउन तपाईंको कामलाई नियालिरहेका हुन्छन् भन्ने सधैं याद गर्नोस् ।

## कर्मचारीसँगको सम्बन्ध

संसदमा र संविधान निर्माण प्रक्रियामा ठ्याक्कै के भइराखेको छ भन्ने कुरा राजनीतिज्ञ र अन्य समूहलाई भन्दा बढी कर्मचारीलाई थाहा हुन्छ। कारण के हो भने, उनीहरूले सरकारी कामकाज र संवैधानिक प्रक्रियाका सबै पक्षमा काम गरिरहेका हुन्छन् ।

कर्मचारीले पत्रकारलाई कतिपय सूचना दिन पाउँछन् । जस्तैः कानुन निर्माण प्रक्रिया र संसदीय समितिका कार्यतालिका, सार्वजनिक कागजात, भ्रमणमा जाने-आउने विशिष्ट व्यक्तिहरूको कार्यक्रम आदि । तर, गोपनीय सूचना दिने अधिकार उनीहरूलाई हुँदैन । कुनै कर्मचारीले तपाईंलाई गोपनीय सूचना दियो भने यसले किन त्यसो गरेको हो भनेर तपाईंले पत्ता लगाउनुपर्छ ।

### ध्यान पुऱ्याउनुपर्ने कुरा

● आफूलाई सूचना दिने कर्मचारीको परिचय गोप्य राख्न तत्पर रहनुहोस् । उनीहरू प्रायः चिनिन चाहँदैनन् ।

● नबिर्सनोस्, तपाईंलाई गोपनीय सूचना दिंदा कर्मचारीको जागिर जान पनि सक्छ ।

● कर्मचारीमा तपाईंको साख असल र विश्वसनीय पत्रकारका रूपमा छ भने मात्र तिनले तपाईंलाई सूचना दिन रुचि देखाउँछन् । तिनलाई, तपाईंले समाचार लेख्दा उनीहरूलाई संकटमा पार्नुहुन्न भन्ने विश्वास हुनुपर्छ ।



● कर्मचारीसँग व्यवहार गर्दा धैर्यवान र कूटनीतिक बन्नुहोस् । सूचनाको माग नतेर्स्याउनोस्, सूचनाका लागि आग्रह गर्नोस् ।

● सूचना लिने क्रममा एकभन्दा बढी कर्मचारीसँग कुरा गर्नुहोस् । सकिन्छ भने, समाचार बनाउने सिलसिलामा एकभन्दा बढी सरकारी निकायका कर्मचारीसँग बातचीत गर्नुहोस् । यसो गर्दा तपाईंको समाचार-सूच को हो भनेर पत्ता लगाउन अरुलाई गाह्रो हुन्छ ।

● कुनै पनि कर्मचारीले तपाईंलाई सूचना दिन किन चाहेको हो वा किन अनिच्छा देखाएको हो भन्ने पत्ता लगाउन सधैं प्रयास गर्नुहोस् ।

● कर्मचारीले व्यक्तिगत रूपमा कुनै सूचना उपलब्ध गरायो भने छाप्नु वा प्रसारण गर्नु अघि सधैं अन्य स्रोतहरूबाट त्यसको सत्यताको जाँच गर्नुहोस् ।

● आधिकारिक कागजात सूचनाको सर्वोत्तम स्रोत हुनसक्छ। तर, अधिकांश कर्मचारीहरू व्यक्तिगत तवरमा पत्रकारलाई त्यस्ता कागजात प्रायः दिन चाहँदैनन् । किनभने, कागजात छानीबीन गर्दा समाचारको स्रोत को रहेछ भन्ने पत्ता लागिहाल्छ ।

● तपाईंले चाहेका कागजात गोपनीय होइनन् भने तिनका निम्ति सकेसम्म उच्च अधिकारी वा राजनीतिज्ञसँग आग्रह गर्नोस् । तल्लो तहका कर्मचारीले औपचारिक तवरमा तपाईंलाई केही पनि नदिन सक्छन् ।

● कतिपय सरकारी निकाय र मन्त्रालयहरूले सञ्चार माध्यमलाई सूचना उपलब्ध गराउन प्रेस अफिसर राखेका हुन्छन् । तर तिनीहरूसँग सामान्यतः तपाईंलाई चाहिएको सूचना हुँदैन ।

● सरकारी प्रेस अधिकृतहरूको सर्वोत्तम उपयोग यस्ता काममा हुन सक्छः औपचारिक कागजात हासिल गर्न, अनुसन्धान सामग्री प्राप्त गर्न, तपाईंलाई चाहिएको विषयमा गहन एवं तथ्यपूर्ण सूचना दिन सक्ने कर्मचारीको नाम पाउन ।

## विश्वसनीयतामा ग्रहण

पत्रकारको नैतिक आचरणबारे बारम्बार प्रश्न उठ्ने गरेका छन् । यस्ता प्रश्न उठ्न सक्ने अवस्था नै नआओस् भनेर ऊ सधैं चनाखो रहनुपर्छ । नैतिक मानदण्ड परिपालन नगर्नाले उसको विश्वसनीयतामा ग्रहण लाग्न पुग्छ । गलत आचरण त त्यसबाट उत्पन्न हुने परिणामका केही कल्पित उदाहरणः

- तनहूँका एक सभासदले त्यही जिल्लाका अर्का सभासदको 'आपत्तिजनक' क्रियाकलापबारे 'गोप्य सूचना' मध्यमार्ग साप्ताहिकका वरिष्ठ संवाददाता माध्यम शर्मालाई दिए । उनले सूचनाको पुष्टि नगरी कुनै र अर्को पक्षको प्रतिक्रिया पनि समावेश नगरीकनै त्यो 'खबर' प्रमुखतासाथ छपाए । त्यसपछि उनीमाथि मानहानीको मुद्दा पर्‍यो । आरोपको आधार प्रस्तुत गर्न नसकेपछि जेल पर्ने डरले उनले अदालतमा समाचारको स्रोत खुलस्त पारे । यसो गरेर उनी कारावासबाट त जोगिए तर स्रोतका रूपमा दुवै सभासदको विश्वास (दुवै पूर्व मन्त्री) लाई र आफ्नो जागिर समेत उनले गुमाए ।

- तराईमा सक्रिय केही सशस्त्र समूहहरूसँग वार्ता गर्न भनेर सरकारले एउटा गोप्य योजना बनाएको थियो । गृह मन्त्रालयका एक उपसचिव मार्फत पत्रकार रमापति दासले त्यो योजनाको प्रतिलिपि प्राप्त गरे र स्रोत खोल्दै त्यसलाई समाचारका रूपमा प्रकाशित गरे । त्यसको तेस्रो दिन ती उपसचिव अनुशासनको कारबाहीमा परेर निलम्बित भए भने स्रोतको रक्षा नगरेकाले रमापतिलाई अन्य कर्मचारीहरूले त्यसपछि कुनै पनि भित्री/गोप्य जानकारी दिन छाडेका छन् ।

- 'ढुंगेधारा' दैनिकका सम्पादक इमानसिंह सभासद विहारीलालको नकारात्मक समाचार कहिल्यै लेख्दैनन् । बरु उनीमाथि अरुले आरोप लगाउँदा त्यसको प्रतिवाद गर्दै समाचार तयार पार्न सक्रिय हुन्छन् । अघिल्लो सरकारमा विहारीलाल मन्त्री छँदा उनी उनको भाषण लेखिदिने गर्थे । संविधानसभा निर्वाचनमा विहारीलालले टिकट पाउनुपर्छ भनेर उनले चारवटा लेख लेखेका थिए । टिकट पाएपछि विहारीलालले उनलाई ल्यापटप किन्न भनेर ५० हजार रुपैयाँको सहयोग दिए र निर्वाचन जितेपछि एकहप्ते बैंकक यात्रामा लगे । इमानसिंह विहारीलालको विरोधी पार्टीका नकारात्मक समाचार लेख्न उस्ताद छन् भने विहारीलालको क्षमताबारे बढाई चढाई गरिएका लेख ढुंगेधारामा महिनामा दुईपल्ट जसो छापिइरहेका हुन्छन् । उनको साँझ प्रायः विहारीलालकै घरमा बित्ने गरेको छ । अहिले पाठकहरूबीच इमानसिंहको विश्वसनीयता पूरै गुमिसकेको छ ।






फोटोः समिर घिमिरे/एनपीआई

संसदीय मामिलासम्बन्धी समाचार लेखन तालिम (२००९) मा सहभागी प्रशिक्षार्थीहरू